सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१ फागुन २०८२, शुक्रबार (13 Feb 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-




## नयाँ उम्मेदवार रुचाउने क्षेत्र काठमाडौं २

माधव नेपालबाहेक
कोही पनि छैनन् दोहोरिएए
जितेका, रास्वपाको विरासत भत्काउने
दाउमा एमाले, कांग्रेस, नेकपा र राप्रपा

(विस्तृत पृष्ठ ३)

## अमेरिकाको दबाबका बाबजुद भारतलाई गाह्रो छ रुसी तेल आयात घटाउन




भारतीय रिफाइनरीलाई
कम मूल्यका कारण तत्काल रुसी
तेलको विकल्प फेला पार्न गाह्रो पर्नेछ

(विस्तृत पृष्ठ ५)

■ जलाशययुक्त उत्पादन केन्द्रको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिका जारी

## सय मेगावाटसम्मका आयोजनाको विद्युत् खरिद दर प्रतियुनिट १४.८० रुपैयाँसम्म



जलाशययुक्त परियोजनाले हिउँदमा निरन्तर १५ दिन पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्नुपर्ने तथा वार्षिक क्षमताको ३५ प्रतिशत बिजुली हिउँदमा उत्पादन भएको हुनुपर्ने सर्त

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# प्रतिमतदाता १,०११ रुपैयाँ खर्च

## २१ फागुनको निर्वाचनका लागि १९ अर्ब ११ करोड बजेट स्वीकृत, एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता

### आयोगले निर्वाचनलाई 'इभेन्ट बेस' बनाउँदा बढी खर्चिलो भयो

● **गोपीनाथ मैनाली**, पूर्वसचिव, निर्वाचन आयोग



एकातिर अवधि पूरा नहुँदै निर्वाचन गराउनुपर्ने स्थिति सिर्जना भएको छ। अर्कोतर्फ यो खर्चिलो हुन पुगेको छ। हामीले निर्वाचनलाई 'इभेन्ट'का रूपमा मात्रै लियौं। अर्थात् जब निर्वाचनको मिति तोकिन्छ, त्यसपछि मात्रै हामी तातिन्छौं। कतिपय यस्ता काम हुन्छन्, जुन निर्वाचनको मिति तोकिनुअघि नै गर्न सकिन्छ, तर गर्दैनौं। निर्वाचन आयोग र सुरक्षा संयन्त्रबिच पनि समन्वय भएको देखिँदैन। यसले पनि निर्वाचन खर्च बढाएको देखिन्छ।

### मतदाता र सुरक्षा संवेदनशीलता बढ्दै गएकाले खर्च पनि बढ्दै छ

● **टंकप्रसाद पाण्डेय**, प्रवक्ता, अर्थ मन्त्रालय



निर्वाचनमा खर्चको दर बढ्दै गएको तथ्यांकबाट देखिन्छ। यसका विभिन्न कारण छन्। प्रत्येक निर्वाचनमा मतदाताको संख्या बढेको छ। निर्वाचनस्थल बढेका छन्। सुरक्षा संवेदनशीलता पनि बढ्दै गएको छ। सरकारले बजेट विनियोजन सोही आधारमा गर्ने हो।

**टेकराज थामी**/नयाँ पत्रिका

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तीन तहको सरकारको परिकल्पना गरेको छ। तीनवटै सरकारका लागि प्रत्येक पाँच वर्षमा आवधिक निर्वाचन गराउनुपर्ने व्यवस्था पनि संविधानमै छ। तर, ०७९ को आमचुनावपछि तीन वर्षमै अर्को प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने अवस्थामा अहिले देश पुगेको छ। र, निर्वाचन सम्पन्न गर्न राज्यको ढुकुटीबाट झन्डै सवा १९ अर्ब खर्च हुँदै छ।

जेन-जी आन्दोलनले जननिर्वाचित सरकारलाई च्युत गरेपछि नयाँ जनादेश लिन २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनका लागि अर्थ मन्त्रालयले १९ अर्ब ११ करोड रुपैयाँ बजेट स्वीकृत गरिसकेको छ। जसमध्ये गृह मन्त्रालयले १० अर्ब ३९ करोड, निर्वाचन आयोगले ६ अर्ब ७३ करोड र रक्षा मन्त्रालयले एक अर्ब ९९ करोड खर्च गर्न पाउँछन्।

» पृष्ठ २ मा क्रमशः



### दल र उम्मेदवारले गर्ने खर्च झन् धेरै, अपारदर्शी पनि उस्तै

निर्वाचनका वेला सरकारबाट हुने खर्च लगभग पारदर्शी नै हुन्छ। तर, राजनीतिक दल र उनीहरूका उम्मेदवारबाट हुने खर्च पारदर्शी हुँदैन। अनौपचारिक तवरबाट हुने उक्त खर्चको विवरण न निर्वाचन आयोगसँग हुन्छ न राजनीतिक दल र उनीहरूका उम्मेदवारले नै सार्वजनिक गर्छन्। आयोगका पूर्वसचिव मैनालीका अनुसार प्रत्यक्षतर्फको निर्वाचनमा एक उम्मेदवारले कम्तीमा ५० लाखदेखि १० करोड रुपैयाँसम्म खर्च गर्छन्। जसको हिसाबकिताब कोहीसँग हुँदैन।

निर्वाचन प्रयोजनमा सरकारले गर्ने खर्च एउटा पाटो छ, जुन देखिन्छ। तर, नदेखिने खर्च योभन्दा धेरै छ। जसको हिसाबकिताब कसैसँग हुँदैन। यो भनेको राजनीतिक दल र उनका उम्मेदवारले गर्ने खर्च हो। अनौपचारिक रूपमा प्राप्त भएको सूचनाअनुसार एउटा उम्मेदवारले ५० लाखदेखि १० करोडसम्म खर्च गर्छन्। जसले निर्वाचनलाई थप महँगो बनाएको छ।

# यसपटक पनि 'कर्मकाण्डी' शैलीमै हुँदै छ मतदाता शिक्षा कार्यक्रम

■ मतदाता शिक्षाका लागि २५ करोड विनियोजन

■ ३ देखि १७ फागुनसम्म सबै वडामा सञ्चालन गरिने

■ सबै वडामा एक-एकजना योग्य र अनुभवी स्वयंसेवक नियुक्त हुने, पारिश्रमिक १० हजार



● **सुमन घिमिरे**, सूचना अधिकारी, आयोग

यसपटक आयोगले स्वयंसेवक आफैं नियुक्त गरी परिचालन गर्दै छ। सामाजिक सञ्जालको प्रयोगलाई पनि प्राथमिकता दिइएको छ। स्वयंसेवकले आयोगको सामाजिक सञ्जालसँग आबद्ध रहेर मतदातासम्म सूचना तथा सन्देश पुऱ्याउनेछन्।

**कमलराज भट्ट**/नयाँ पत्रिका

चुनाव प्रचारको तौरतरिका धेरै नै बदलिएको छ। दलहरूको रणनीति डिजिटल र मतदातालक्षित बन्दै गएको छ। मतदाताको सामाजिक-राजनीतिक मनोविज्ञान पनि तीव्र रूपमा रूपान्तरण भइरहेको छ। तर, परिवर्तित यी विषय सम्बोधन गर्ने निर्वाचन आयोगको मतदाता शिक्षा कार्यक्रम भने परम्परागत ढाँचामै सीमित छ। आयोगले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि नयाँपन नदिई पुरानै मोडालिटीमा कार्यक्रम सञ्चालन गर्दै छ।

आयोगकै तथ्यांकअनुसार प्रत्येक निर्वाचनमा औसत पाँच प्रतिशत मत बदर हुने गरेको छ। करोडौं रुपैयाँ खर्चिएर सञ्चालन गरिने मतदाता शिक्षाले बदर मत घटाउने अपेक्षा गरिए पनि आयोगले बदर मत धेरै घटाउन सकेको

» पृष्ठ २ मा क्रमशः




### यसरी सञ्चालन हुँदै छ मतदाता शिक्षा

मतदाता शिक्षा कार्यक्रमका लागि स्वयंसेवकलाई घरदैलो तथा विद्यालयस्तरमा परिचालन गरिनेछ। आयोगले आमसञ्चार तथा सामाजिक सञ्जालबाट पनि मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नेछ। मतदाता शिक्षाका लागि स्थानीय तहका सबै वडामा एक-एकजना योग्य र अनुभवी स्वयंसेवक नियुक्त हुनेछन्। नियुक्त भएका स्वयंसेवकहरू कार्यक्रम सञ्चालन गर्न आफ्नो वडाभित्रका विद्यालय र घरधुरीसम्म पुग्नुपर्ने भनिएको छ। आममतदातालगायत राज्यको मूलप्रवाहबाट पछि परेका वर्ग, लिंग, समुदाय र क्षेत्रका मतदाताहरूको निर्वाचनसम्बन्धी सचेतना अभिवृद्धिका लागि स्थानीय स्वयंसेवकहरूले बुझ्ने भाषामा मतदाता शिक्षा प्रदान गर्नुपर्ने पनि भनिएको छ। स्वयंसेवकले निर्वाचन प्रचारसम्बन्धी पर्चा, ब्रोसर तथा नमुना मतपत्रको माध्यमबाट मतदातालाई मतदान प्रक्रियासम्बन्धी सही सूचना दिनुपर्ने भनिएको छ।

# महाशिवरात्रिमा आठ लाख दर्शनार्थी पशुपति आउने आकलन

## महाशिवरात्रिका दिन राति २ बजे नै पशुपतिनाथ मन्दिरका चारवटै ढोका खोलिने

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

महाशिवरात्रिका दिन आइतबार आठ लाखले पशुपतिनाथको दर्शन गर्ने आकलन गरिएको छ। महाशिवरात्रिको दिनमा साढे चार हजार साधुसन्त र साढे दुई सय नागाबाबा आउने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक सुवास जोशीले बताए। यसपटक अघिल्लो वर्षभन्दा धेरै दर्शनार्थी आउने आकलन रहेको र सोहीअनुसार तयारी थालिएको छ।

हाल पशुपति क्षेत्रमा रंगरोगन, मर्मतसम्भारका कामहरू भइरहेका छन्। शिवरात्रिका लागि साधुसन्त आउने क्रम सुरु भएको छ। वनकाली क्षेत्रमा साधुसन्त बस्न थालिसकेका छन्। नागाबाबा शुक्रबार र शनिबार आउने कोषले जनाएको छ। महाशिवरात्रिमा भक्तजनको अत्यधिक चाप हुने भएकाले चारवटा लाइनबाट दर्शन गर्ने व्यवस्था मिलाइने कोषले जनाएको छ। शिवरात्रिको दिन ३ फागुनमा बिहान २ बजेदेखि नै पशुपतिनाथ

» पृष्ठ २ मा क्रमशः



शिवरात्रिलाई लक्षित गरी मन्दिर क्षेत्र सजावट, प्रवेशद्वार र अस्थायी अकासेपुल निर्माण, रंगरोगन, सडक तथा लाइन व्यवस्थापनका लागि डोरी टाँग्ने, शिवपार्वतीको प्रतिमूर्ति निर्माण, भित्तामा पेन्टिङ, साधुसन्तका लागि वासस्थल निर्माणलगायतका काम धमाधम भइरहेको छ। सजावटमा ३० लाखभन्दा बढी रकम खर्च हुनेछ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

### राजावादीको शक्ति प्रदर्शनको तयारी

# त्रिभुवन विमानस्थल निषेधित क्षेत्र घोषित

नयाँ पत्रिका

पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शक्ति प्रदर्शनको तयारी भएपछि सुरक्षाको कारण देखाउँदै विमानस्थललाई निषेधित क्षेत्र तोकिएको छ। स्वागतका नाममा हुने प्रदर्शनमा घुसपैठ हुन सक्ने र त्यसले विमानस्थलजस्तो संवेदनशील क्षेत्रलाई जोखिममा पार्ने भन्दै विमानस्थलभित्र कुनै पनि त्यस्ता गतिविधि गर्न रोक लगाइएको हो।

पूर्वराजा शाह शुक्रबार दिउँसो साढे १२ बजे झापाबाट काठमाडौं आउने कार्यक्रम छ। उनको स्वागतमा राष्ट्रिय प्रजातन्त्र पार्टी र अन्य राजावादी संघसंस्थाले विमानस्थलमा जान आह्वान गरेका छन्। दुर्गा प्रसाईं नेतृत्वको समूह पनि विमानस्थलमा जाँदैछ। स्वागतका नाममा हुने कार्यक्रममा विमानस्थलको सुरक्षामा असर नपार्न तथा यात्रुहरूलाई अवरोध नगर्न प्रशासनले आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले अन्तर्राष्ट्रिय विमानस्थलजस्तो अत्यन्त संवेदनशील स्थान र आसपासको क्षेत्रसमेतको

● **ईश्वरराज पौडेल** सिडिओ, काठमाडौं



विमानस्थल संवेदनशील क्षेत्र हो। त्यहाँ नारा, जुलुस गर्दा सुरक्षामा असर पर्नुका साथै यात्रुहरूलाई पनि अवरोध हुन सक्छ। निर्वाचन आचारसंहिताका कारण पनि यस्ता गतिविधि गर्न मिल्दैन। त्यहीकारण निषेधाज्ञा लगाइएको हो।

सुरक्षालाई मध्यनजर गर्दै जुलुस, प्रदर्शन, च्याली, भेलालगायत नगर्न र सामाजिक सञ्जालबाट पनि यस्ता गतिविधिका लागि नउस्काउन आग्रह गरेको छ। यस्ता गतिविधि

» पृष्ठ २ मा क्रमशः

### ■ वित्त आयोगको कार्यसम्पादन प्रतिवेदन

# प्रदेशहरूको कार्यसम्पादन चिन्ताजनक

## महानगर र उपमहानगरको पनि छैन सन्तोषजनक

■ संघीय संरचनाअन्तर्गतका प्रदेश र स्थानीय तहहरूको कार्यसम्पादन कमजोर देखिँदा यसको प्रत्यक्ष असर सुशासन र विकास क्षमतामा पर्न सक्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बुझाइ



● **जुद्धबहादुर गुरुङ**, कार्यवाहक अध्यक्ष
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

राम्रो अंक पाउने प्रदेशलाई संघबाट र पालिकालाई संघ र प्रदेशबाट जाने अनुदान बढ्न सक्छ भने कम पाउनेको घट्न सक्छ।

**सुवास भट्ट**/नयाँ पत्रिका

कार्यसम्पादन मूल्यांकनमा प्रदेश सरकारहरूको अवस्था चिन्ताजनक देखिएको छ भने स्थानीय तहहरूको अवस्था पनि उत्साहजनक छैन। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको मूल्यांकन प्रतिवेदनले विकासका 'रोल मोडेल' मानिने महानगर र उपमहानगरपालिकाको कार्यसम्पादन पनि अपेक्षाअनुसार सन्तोषजनक देखाएको छैन।

आयोगले तोकिएका विभिन्न सूचकका आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रतिवेदन सार्वजनिक गरेको

» पृष्ठ २ मा क्रमशः


### ■ प्रदेशको मूल्यांकनका ११ सूचक र प्रदेशहरूको प्राप्तांक

| सूचक | पूर्णांक | सुदूरपश्चिम | कोशी | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | मधेश |
|---|---|---|---|---|---|---|---|---|
| | १०० | ४५.७० | ४४.२९ | ४२.४६ | ३७.९१ | ३४.७१ | ३२.२६ | २७.२८ |
| ०८०/८१ को बेरुजुको अवस्था | १५ | ०.३७९ | ० | ४.२८५ | १.८५६ | २.३३८ | २.२६३ | ० |
| स्थानीय तहलाई ससर्त अनुदान दिए/नदिएको | १० | ० | ० | ० | ० | ० | ० | ० |
| ०८१/८२ मा सवारीसाधन करको ४०% रकम मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गरे/नगरेको | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ०८१/८२ को विनियोजित रकमअनुसार खर्चको अवस्था | १५ | ० | ३.८९ | १.७७२ | १.०४४ | ०.०५९ | ० | ०.५१९ |
| ०८१/८२ मा राजस्व परिचालन गरेको अवस्था | २० | १०.३४ | १०.४ | १.३९८ | ०.०१२ | २.३०८ | ० | १.७५९ |
| ०८२/८३ मा वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहलाई ०८१ चैत मसान्तभित्र उपलब्ध गराए/नगराएको | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ०८३/८४ को आय-व्यय प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण ०८२ पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ०८१/८२ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी विवरण ०८२ कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ० |
| प्रदेश तहको वायुको गुणस्तर सूचकांक | ५ | ० | ० | ० | ० | ० | ० | ० |
| प्रदेश तहमा व्यवस्थित वनको क्षेत्रफलमा भएको वृद्धि | ५ | ५ | ० | ५ | ५ | ० | ० | ० |
| विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि गरे/नगरेको | १० | १० | १० | १० | १० | १० | १० | १० |

● कार्यसम्पादनबापतको अंक चित्त नबुझेमा सूचना प्रकाशित मितिले (२९ माघ) ले सात दिनभित्र आवश्यक आधार र प्रमाणसहित पुनरावलोकनका लागि निवेदन दिन सक्ने

### रामेछाप बस दुर्घटना

# सहमतिपछि बुझे आफन्तले शव



**रामेछाप**/ तामाकोशी बस दुर्घटनाका पीडित, व्यवसायी र जिल्ला प्रशासन कार्यालयबिच सहमति भएसँगै मृतकका आफन्तले शव बुझेका छन्। मंगलबार भएको बस दुर्घटनामा परी ज्यान गुमाएमा आफन्तले उचित क्षतिपूर्ति पाउनुपर्ने माग राखेर बुधबार दिउँसोदेखि सडक अवरुद्ध पारेका थिए। उनीहरूले साँझ जिल्ला प्रशासन कार्यालय घेराउ गरेपछि तीन पक्षबिच सहमति जुटेको हो।

मृतक परिवारले राज्यले तोकेअनुसार प्रतिमृतक पाँच लाख रुपैयाँ पाउने, घाइतेको निःशुल्क उपचार गर्ने, हराएका व्यक्तिको खोजी गर्ने र अन्य विषयमा अरनिको यातायात सेवा समितिको कार्यालय भक्तपुरमा जाने सहमति भएपछि पीडित पक्षले गाडी बन्दसमेत फिर्ता लिएका छन्। त्यसपछि बिहीबार बिहानदेखि यातायातका साधन सञ्चालनमा आएका छन्। सहमतिपछि मृतकका आफन्तले शव बुझेर दाहसंस्कार गर्न थालेका छन्। दुर्घटनामा १२ जनाको ज्यान गएको थियो। चालकसहित आठजना घाइते भएका थिए। बसमा यात्रा गरिरहेका अन्य तीनजना अझै बेपत्ता छन्।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८२/११/०१ गते)

टिकानिधि कडेलको नाति, राम नाथको छोरा, छरिका देवी कणेलको पति रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ०२ जुटवेला, (हाल चन्द्रपुर न.पा. वडा नं ०२ जुटवेला) बस्दै आउनु भएको यज्ञ प्रसाद कडेलको मिति २०८२/१०/०६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चन्द्रपुर शाखामा रहेको खाता नं १०१०१२३६८९६००००१ र १०१०१२३६८९६०००१७ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा शिखरराज कणेलले यस बैंकको चन्द्रपुर शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज शिखरराज कणेल बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कले सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चन्द्रपुर, रौतहट फोन नं : ०५५-५४०७५६

**महालक्ष्मी विकास बैंकको महालक्ष्मी रेमिट्यान्स बचत खातासँग असम्बन्धित खाताहरु "महालक्ष्मी नर्मल सेभिङ्ग एकाउण्ट" को नाममा सञ्चालन हुने सम्बन्धी सूचना**

यस बैंकको हाल सञ्चालनमा रहेको महालक्ष्मी रेमिट्यान्स बचत खातासँग असम्बन्धित खाताहरु मिति २०८२/११/०१ गते देखि लागू हुने गरी "महालक्ष्मी नर्मल सेभिङ्ग एकाउण्ट" नामक बचत खाताबाट सञ्चालन हुने व्यहोरा सम्पूर्ण ग्राहक वर्गहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसरी परिवर्तित भएको खाताको खाता नम्बर यथावत कायम रहने र साविकमा जारी भएका चेकहरु समेत सटही गर्न सकिनेछ । साविकको खातामा प्राप्त सुविधाहरुको हकमा परिवर्तित खातामा प्रदान गरिने सुविधाहरुको हदसम्म प्रदान गरिनेछ । साथै महालक्ष्मी नर्मल सेभिङ्ग एकाउण्टको ब्याजदर तथा न्यूनतम मौज्दात बैंकले समय समयमा प्रकाशन गर्ने ब्याजदर अनुसार नै हुने र कार्ड, मोबाइल बैंकिङ्ग लगायतका शुल्कहरु यस बैंकको Standard Tarrif of Charges अनुरुप हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारी आवश्यक भएमा यस बैंकको केन्द्रीय कार्यालयको फोन नम्बर (०१-५३६८७१९/९७०९०३६२५२) वा शाखा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

## महाशिवरात्रिमा...

पृष्ठ १ बाट क्रमशः

मन्दिरका ढोका दर्शनका लागि खुला गरिनेछ । जोशीका अनुसार भक्तजन एवं तीर्थयात्री तथा पर्यटकका लागि सुरक्षा, स्वयंसेवक, चन्दनप्रसादको व्यवस्था, दर्शनमार्गको व्यवस्था एवं सुधार, जुत्तापप्पल राख्ने ठाउँको व्यवस्था, आकस्मिक स्वास्थ्य सेवा, मनोरञ्जनात्मक धार्मिक भजनकीर्तन, नागाबाबाहरूका लागि धुनीको व्यवस्था, शिवरात्रि पर्व सम्पन्न भएपछि बाबाजीहरूको बिदाइ कार्यक्रम तयारी भएको बताए । कोषले मन्दिर दर्शनमा पुग्ने भक्तजनलाई बहुमूल्य गरगहना लगाएर नजान अनुरोध गरेको छ । कोषले यसपटक पनि मन्दिर दर्शनका लागि कुनै पनि किसिमको पासको व्यवस्था नगरिएको जनाएको छ । त्यस्तै, भक्तजनको सहजताका लागि नेपाल प्रहरीको सहायतामा खोजखबर कक्ष राखिनेछ । नेपाल प्रहरीले तीन सयभन्दा बढी सुरक्षाकर्मी सादा पोसाकमा समेत खटाउनेछ ।

'पशुपति क्षेत्रभित्र गाँजा, मदिरा निषेध छ, गाँजा, भाङजस्ता लागुपदार्थ नियन्त्रणका लागि स्थलगत रूपमै नियन्त्रणको कार्यलाई नियमित गरी प्रभावकारी रूपमा नियन्त्रण गर्ने व्यवस्था मिलाइन्छ,' जोशीले भने, 'तिलगंगा क्षेत्रमा तीर्थयात्री, दर्शनार्थी र पर्यटक (विदेशी)हरूका सवारीसाधनहरू पार्किङ गर्न सकिनेछ ।' कोषका अनुसार १० वटा उपसमितिसमेत गठन गरेर शिवरात्रिलाई व्यवस्थित पारिँदै छ ।

### सुरक्षा अवस्था कडा, सिसिटिभी क्यामेरा जडान हुँदै

महाशिवरात्रि पर्वमा सुरक्षा व्यवस्था कडा पारिने भएको छ । कोषले नेपाल प्रहरीसँग मिलेर सयभन्दा बढी स्थानमा सिसिक्यामेरा जडान गर्दै छ । पाँच हजारभन्दा बढी सुरक्षाकर्मी खटिँदै छन् । सिसिक्यामेरा काडमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय (मेट्रो)ले कन्ट्रोल र निगरानी राख्नेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान प्रहरी र नेपाली सेनालाई शान्तिसुरक्षाको जिम्मेवारी दिइएको छ । शिवरात्रिभर मारवाडी सेवा समिति, नेपाल स्काउट, नेपाल स्वयंसेवक संघले लाइन व्यवस्थापन र भक्तजनको सहजताका लागि काम गर्नेछन् ।

### यी लाइनबाट भक्तजनले गर्न सक्नेछन् दर्शन

बत्तीसपुतली, मैतीदेवी, पुरानो बानेश्वरतर्फबाट आउने दर्शनार्थीहरू दक्षिण ढोकाबाट प्रवेश गरी ६४ शिवलिंगमार्ग हुँदै मन्दिर प्रांगण प्रवेश गर्न सक्नेछन् । विमानस्थल, तिलगंगा क्षेत्रबाट आउने दर्शनार्थी मन्दिरको पूर्वी ढोकाबाट प्रवेश गर्न सक्नेछन् । चाबहिलतर्फबाट आउने भक्तजनले उत्तर ढोकाबाट दर्शन गर्न सक्नेछन् भने चाबहिल, सिफलबाट आउने दर्शनार्थीले भुवनेश्वरीको सानो ढोकाबाट दर्शन गर्न सक्ने कोषले जनाएको छ ।

पशुपतिनाथको दर्शन गरी फर्कँदा पशुपतिनाथ मन्दिर प्रांगणभित्र दर्शनार्थी र अन्य भक्तजनहरूको सुविधाका लागि भगवान् पशुपतिनाथको चन्दन पश्चिम ढोकाबाहिर सानो सदावर्त सत्तलअगाडि साथै पञ्चदेवल पूर्व-दक्षिण, उमाकुण्ड, दक्षिणामूर्ति, तिलगंगा, वनकाली, गौशाला, जयवागेश्वरीमा समेत चन्दन वितरणको व्यवस्था मिलाइने जनाइएको छ ।

**सर्टिफिकेट हरायो**

मिति २०८२/९/२४ गते चाबहिल बाट पुरानो बानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : प्राकृति राई
रजिष्ट्रेशन नं. : ७९१०९००५०११९
सिम्बोल नं. : ९०९१७७२८
सम्पर्क : ९७६३२१८५७४

## प्रतिमतदाता...

पृष्ठ १ बाट क्रमशः

विनियोजित सबै रकम खर्च भए प्रतिमतदाता एक हजार १० रुपैयाँ ९१ पैसा खर्च हुन्छ । निर्वाचन आयोगका अनुसार अहिले एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् ।

१० मंसिर ०७९ को आमनिर्वाचनमा सरकारले १८ अर्ब पाँच करोड विनियोजन गरेकोमा १६ अर्ब ४८ करोड खर्च भएको थियो । गृह मन्त्रालयले आठ अर्ब ७० करोड, निर्वाचन आयोगले ६ अर्ब ८१ करोड र रक्षा मन्त्रालयले ९७ करोड खर्च गरेका थिए । त्यतिवेलाको मतदाता संख्याअनुसार प्रतिमतदाता एक हजार ६८ रुपैयाँ १९ पैसा खर्च भएको थियो । एक करोड ५४ लाख २७ हजार ९३८ मतदाता थिए । अहिलेभन्दा त्यतिवेला प्रतिमतदाता खर्च ५७ रुपैयाँ २८ पैसाले बढी देखिन्छ । तर, त्यतिवेला प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन एकैपटक भएको थियो । २१ फागुनमा प्रतिनिधिसभाको मात्रै निर्वाचन हुँदै छ । दुई वर्षपछि प्रदेश सभाको निर्वाचन गर्दा फेरि अर्बौं खर्च हुनेछ । यसरी हेर्दा आसन्न प्रतिनिधिसभा निर्वाचन ०७९ को भन्दा महँगो हुँदै छ ।

३० वैशाख ०७९ मा स्थानीय तहको निर्वाचन भएको थियो । उक्त निर्वाचनमा प्रतिमतदाता ८५७ रुपैयाँ ५८ पैसा खर्च भएको थियो । अर्थ मन्त्रालयका अनुसार १२ अर्ब सात करोड खर्च भएको उक्त निर्वाचनमा गृह मन्त्रालयले ६ अर्ब ४९ करोड, निर्वाचन आयोगले चार अर्ब ९६ करोड र रक्षा मन्त्रालयले ६२ करोड खर्च गरेका थिए । त्यतिवेला एक करोड ४० लाख ७४ हजार ४२४ मतदाता थिए ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेय प्रत्येक निर्वाचनमा हुने खर्चको दर बढ्दै गएको स्वीकार गर्छन् । मतदानस्थल, मतदाता र सुरक्षा संवेदनशीलता बढेसँगै निर्वाचनमा खर्चको दर बढ्ने गरेको उनको भनाइ छ । 'निर्वाचनमा खर्चको दर बढ्दै गएको तथ्यांकबाट देखिन्छ । यसका विभिन्न कारण छन् । प्रत्येक निर्वाचनमा मतदाताको संख्या बढेको छ । निर्वाचनस्थल बढेका छन् । सुरक्षा संवेदनशीलता पनि बढ्दै गएको छ । सरकारले बजेट विनियोजन सोही आधारमा गर्ने हो,' उनले भने ।

०७९ को निर्वाचन र आगामी निर्वाचनमा विनियोजित बजेट विश्लेषण गर्दा सबैभन्दा धेरै खर्च सुरक्षा संयन्त्रमा भएको छ । ०७९ को संघ र प्रदेशको निर्वाचनमा कुल खर्चको ५८.६७ प्रतिशत सुरक्षा (गृह र रक्षा)मा भएको थियो । सोही वर्षको स्थानीय तहको निर्वाचनमा कुल खर्चको ५८.९० प्रतिशत सुरक्षामा भएको थियो । त्यस्तै, आगमी २१ फागुनको निर्वाचनका लागि विनियोजित रकममध्ये सुक्षामा ६४.७८ प्रतिशत छ ।

निर्वाचन आयोगका पूर्वसचिव गोपीनाथ मैनाली पनि नेपालको निर्वाचन महँगो बन्दै गएको बताउँछन् । निर्वाचन आयोगले निर्वाचनलाई 'इभेन्ट बेस' बनाउँदा बढी खर्चिलो हुने गरेको उनको भनाइ छ । 'एकातिर अवधि पूरा नहुँदै निर्वाचन गराउनुपर्ने स्थिति सिर्जना भएको छ । अर्कोतर्फ यो खर्चिलो हुन पुगेको छ । हामीले निर्वाचनलाई 'इभेन्ट'का रूपमा मात्रै लियौं । अर्थात् जब निर्वाचनको मिति तोकिन्छ, त्यसपछि मात्रै हामी तातिन्छौं,' उनले भने, 'कतिपय यस्ता काम हुन्छन्, जुन निर्वाचनको मिति तोकिनुअघि नै गर्न सकिन्छ, तर गर्दैनौं । निर्वाचन आयोग र सुरक्षा संयन्त्रबिच पनि समन्वय भएको देखिँदैन । यसले पनि निर्वाचन खर्च बढाएको देखिन्छ ।'

### सबैभन्दा धेरै खर्च निर्वाचन प्रहरीमा

निर्वाचनमा शान्तिसुरक्षा आधारभूत पक्ष हुन् । तर, नेपालको नियमित सुरक्षा संयन्त्रले मात्रै निर्वाचन गराउन सक्दैन । जसका लागि प्रत्येक निर्वाचनमा ठुलो संख्यामा निर्वाचन प्रहरी (म्यादी) भर्ना गर्नुपर्ने हुन्छ । निर्वाचनका लागि विनियोजितमध्ये झन्डै आधा बजेट निर्वाचन प्रहरीमै खर्च हुन्छ ।

२१ फागुनमा हुने निर्वाचनमा पनि सबैभन्दा धेरै खर्च निर्वाचन प्रहरीमै हुने देखिन्छ । एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी भर्ना भएका छन् । जसमध्ये नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० र सशस्त्र प्रहरीले १५ हजार ११० निर्वाचन प्रहरी भर्ना गरेका छन् । निर्वाचन प्रहरीका लागि सरकारले एकमुस्ट सात अर्ब ९४ करोड १० लाख ४२ हजार खर्च गर्दै छ । जसमा सात अर्ब १३ करोड २५ लाख ८९ हजार नेपाल प्रहरीले र ८० करोड ८४ लाख ५३ हजार सशस्त्र प्रहरीले खर्च गर्नेछन् । यो कुल विनियोजित रकमको ४१.५५ प्रतिशत हो ।

०७९ को प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा मुलुकभर एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिएका थिए । उनीहरूका लागि पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार खर्च भएको थियो । यो खर्च कुल निर्वाचन बजेट १६ अर्ब ४८ करोडको ३५.५८ प्रतिशत थियो । सोही वर्ष भएको स्थानीय तह निर्वाचनमा एक लाख म्यादी प्रहरी भर्ना गरिएको थियो । उनीहरूका लागि चार अर्ब ५० करोड खर्च भएको थियो । यो कुल विनियोजित रकमको १२ अर्ब सात करोडको ३७.२८ प्रतिशत थियो ।

### इलेक्ट्रोनिक भोटिङ प्रणालीबाट गर्न सकिन्छ खर्च नियन्त्रण

निर्वाचनमा सुरक्षापछि धेरै खर्च हुने अर्को पक्ष हो मतपत्र छपाइ, मतपेटिका खरिद र त्यसको ढुवानी । ०७९ को प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा निर्वाचन आयोगले ९० करोड २८ लाख ७३ हजार ६१५ रुपैयाँको निर्वाचन सामग्री खरिद गरेको थियो । यसअन्तर्गत कागज, मसी, छाप खरिद र त्यसको छपाइ, मतपेटिका खरिद आदि पर्छ । सोही सामग्री ढुवानी गर्न मात्रै १६ करोड ६३ लाख ५० हजार खर्च भएको थियो । निर्वाचनमा हालकै भोटिङ प्रणाली अँगाल्दा प्रत्येक निर्वाचनमा यो खर्च अनिवार्य नै हुन्छ ।

मतपत्र तथा मतपेटिका सुरक्षा अर्को चुनौतीपूर्ण विषय हुन् । प्रत्येक निर्वाचनमा सरकारले सोही प्रयोजनमा ठुलो धनराशि खर्च गर्छ । निर्वाचनपिच्छे ठुलो संख्यामा निर्वाचन प्रहरी भर्ना र सुरक्षा निकायका ठुलो फौज परिचालन त्यसैका लागि हो ।

निर्वाचनमा इलेक्ट्रोनिक भोटिङ मेसिन (इभिएम) प्रयोग गर्न सकिए यी समस्या हल हुन सक्छन् । यो तथ्यलाई आयोगका पूर्वसचिव मैनाली पनि स्वीकार गर्छन् । उनी भन्छन्, 'प्रत्येक निर्वाचनमा मतपत्र छपाइ, त्यसको ढुवानी र सुरक्षामा ठुलो खर्च हुँदै आएको छ । सरकारले चाहे यसलाई नियन्त्रण गर्न सक्छ । त्यो भनेको इभिएम प्रयोग । यही प्रणाली भारतमा सफल भएको छ । यसले मतपत्र छपाइ, ढुवानी, गणना, सुरक्षालगायतमा लाग्ने खर्च स्वाट्टै घटाउँछ । यो विषयमा पर्याप्त छलफल भएका छन् । अध्ययन गरिएका छन् । तर, किन हो कार्यान्वयन हुन सकेको छैन ।'

आयोगले ०६४ मा भएको संविधानसभा निर्वाचनमा केही ठाउँमा इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गरेको थियो । पहिलोपटक लागू गरिएको उक्त प्रणाली सफल भएको थियो । तर, त्यसपछिका निर्वाचनमा लागू गरिएन । बजेट र कानुनको अभाव तथा राजनीतिक दलको उदासीनतालगायत कारण इभिएम लागू हुन नसकेको आयोगको दाबी छ ।

## यसपटक पनि...

पृष्ठ १ बाट क्रमशः

छैन । आयोगले यसपटक विगतकै निरन्तरताको रूपमा २५ करोड खर्चेर मतदाता शिक्षा सञ्चालन गर्दै छ ।

मतदाता शिक्षाका लागि आयोगले तयार पारेको विशेष कार्यक्रमअनुसार देशभरका सबै वडामा एकजना स्वयंसेवक परिचालन गरिनेछ । स्वयंसेवकले डिजिटल माध्यम (आयोगको फेसबुक, ट्विटर, टिकटकलगायत)मा राखिएका सामग्री मतदातालाई देखाउने र मतदानबारे बुझाउने काम गर्नेछन् ।

विगतमा पर्चा-पम्प्लेटबाट गर्ने गरिएकोमा यसपटक सामाजिक सञ्जालबाटै पढाउने कार्यक्रम आयोगले बनाएको छ । प्रवक्ता नारायण भट्टराईका अनुसार यसबाहेक सार्वजनिक सञ्चारमाध्यमबाट पनि मतदाता शिक्षाबारे प्रचार गरिने कार्यक्रम छ ।

आयोगका केही अधिकारीहरू मतदाता शिक्षा कार्यक्रम विगतकै परम्पराको निरन्तरता भएको बताउँछन् । उनीहरूका अनुसार जहाँ बदर मतको दर उच्च छ, त्यस्ता क्षेत्रलाई लक्षित गरेर कार्यक्रमकेन्द्रित गरिएको छैन । सबै वडामा समान रूपमा स्वयंसेवक खटाउने पुरानै अभ्यासलाई यसपटक पनि निरन्तरता दिइएको उनीहरूको भनाइ छ । 'यसपटक पनि कर्मकाण्ड पूरा गर्ने शैलीमै कार्यक्रम अघि बढाइएकोजस्तो देखिन्छ,' आयोगका एक पदाधिकारीले भने ।

उनले एउटा वडामा एकजना स्वयंसेवकले १५ दिनको अवधिमा कति मतदातासम्म प्रभावकारी रूपमा पुग्न सक्छ भन्ने प्रश्न उठाए । 'एउटा स्वयंसेवकले १५ दिनमा १० हजार रुपैयाँ पारिश्रमिक लिएर कति काम गर्न सक्छ ? सबै मतदातासम्म पुग्न सम्भव छ त ?' उनले प्रश्न गरे । उनका अनुसार जहाँ बदर मतको समस्या बढी छ, त्यहाँ विशेष ध्यान दिई र आवश्यक नभएका क्षेत्रमा कार्यक्रम सीमित राखी सञ्चालन गरिएको भए प्रभावकारिता बढ्न सक्थ्यो ।

उनले स्वयंसेवक परिचालन ०७८ को कार्यविधिअनुसार गरिएको र ०७९ मा पनि सोही व्यवस्था लागू भएकाले यसपटक कुनै नयाँ मोडालिटी नभएको टिप्पणी गरे । 'पुरानै ढाँचा दोहोऱ्याइएको छ । कर्मकाण्ड पूरा गर्ने शैलीमा अघि बढ्दा कार्यक्रम प्रभावकारी हुनेमा आशंका छ,' उनले भने ।

तर, आयोगका सूचना अधिकारी सुमन घिमिरे भने यसपटक मतदाता शिक्षा कार्यक्रममा उल्लेख्य परिवर्तन गरिएको दाबी गर्छन् । 'अघिल्लो निर्वाचनमा विभिन्न छपाइ सामग्री प्रयोग गरिएको थियो भने यसपटक नमुना मतपत्रबाहेक अन्य सामग्री छापिएको छैन । पहिले स्वयंसेवक स्थानीय तह आफैंले नियुक्त गर्ने व्यवस्था थियो । कतिपय स्थानमा नियुक्ति भए पनि कार्यक्रम प्रभावकारी हुन सकेन र खर्च पनि करिब २० प्रतिशत हाराहारीमै सीमित रह्यो,' उनले भने, 'यसपटक भने आयोगले स्वयंसेवक आफैं नियुक्त गरी परिचालन गर्दै छ । स्वयंसेवकलाई १० हजार र अनुगमनकर्तालाई पाँच हजार रुपैयाँ पारिश्रमिक व्यवस्था गरिएको छ । सामाजिक सञ्जालको प्रयोगलाई पनि प्राथमिकता दिइएको छ । स्वयंसेवकहरू आयोगका आधिकारिक सामाजिक सञ्जालसँग आबद्ध हुनेछन् र त्यही माध्यमबाट मतदातासम्म सूचना तथा सन्देश पुऱ्याइनेछ ।'

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले पनि मतदाता शिक्षा विशेष रूपमा सञ्चालन गर्न लागिएको र डिजिटल लिटरेसीलाई प्राथमिकता दिएको बताए । बदर मत बढी भएका ठाउँमा जनशक्ति थप्न सकिने उनको भनाइ छ

## त्रिभुवन...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन आचारसंहिताको समेत विपरीत भएको र निर्वाचनविरोधी समूहको घुसपैठ हुन सक्ने भएकाले निषेधित क्षेत्र तोकिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले बताए ।

विमानस्थलको सुरक्षा समितिले पनि विमानस्थल तथा त्यससँग जोडिएको चक्रपथमा प्रदर्शनलगायत कुनै पनि गतिविधि नगर्न यसअघि नै निर्णय गरेको प्रहरीले जनाएको छ । खासगरी दुर्गा प्रसाईंको समूहले स्वागतका नाममा चुनावविरोधी गतिविधि गर्न सक्ने आकलन गरेर सुरक्षा रणनीति बनाइएको छ । पछिल्लो समय चुनावविरोधी गतिविधि पनि बढ्न थालेको सुरक्षा निकायको सूचना छ ।

स्वागतका नाममा चुनावविरोधी गतिविधि हुन सक्ने भएकाले सुरक्षा निकायलाई उच्च सतर्कतामा राखिएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवनकुमार भट्टराईले विमानस्थलभित्र कुनै पनि गतिविधि गर्न नपाइने र विमानस्थलभित्रको कार्यक्रमको प्रहरीले सुरक्षा व्यवस्था गर्ने बताए ।

## प्रदेशहरूको...

पृष्ठ १ बाट क्रमशः

हो । प्रदेश सरकारहरूको ११ वटा तथा स्थानीय तहको १७ वटा सूचकका आधारमा मूल्यांकन गरिएको छ । प्राप्त नतिजाअनुसार प्रदेशहरूको औसत अंक ५० भन्दा कम रहेको छ । महानगरपालिकाहरूको औसत अंक ८० भन्दा तल र उपमहानगरपालिकाहरूको ६५ भन्दा कम देखिएको छ ।

आयोगले कार्यविधिबमोजिम विभिन्न सूचकका आधारमा प्रदेश र स्थानीय तहहरूको मूल्यांकन गर्छ । वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले कार्यविधि र निर्धारण गरिएका सूचकका आधारमा प्रदेश तथा स्थानीय तहको मूल्यांकन गरिएको छ ।

उनका अनुसार सम्बन्धित तहहरूले पठाएको विवरणकै आधारमा आयोगले मूल्यांकन गरेको छ । 'यो मूल्यांकनले प्रदेश र स्थानीय तहले कस्तो काम गरिरहेका छन् भन्ने संकेत गर्छ,' गुरुङले नयाँ पत्रिकासँग भने, 'विगतको तुलनामा केही सुधार देखिए पनि अझै व्यापक सुधार आवश्यक देखिन्छ ।'

### मूल्यांकनका आधारमा अनुदान घटबढ हुन सक्ने

प्रदेश र स्थानीय तहहरूले मूल्यांकनबापत प्राप्त गरेको अंकका आधारमा अनुदानमा घटबढ हुन सक्ने आयोगको भनाइ छ । आयोगका कार्यवाहक अध्यक्ष गुरुङले मूल्यांकनको नतिजाले प्रदेश र स्थानीय तहलाई प्रदान हुने अनुदानमा असर पार्ने बताए । 'राम्रो अंक पाउने पालिकालाई संघ र प्रदेशबाट जाने तथा प्रदेशलाई संघबाट अनुदान बढ्न सक्छ भने कम पाउनेको घट्न सक्छ,' उनले भने ।

**■ महानगरहरूको कार्यसम्पादन मूल्यांकन अंक**

१. विराटनगर महानगर : ७८.११
२. ललितपुर महानगर : ७६.३३
३. भरतपुर महानगर : ६८.०४
४. पोखरा महानगर : ५८.७६
५. वीरगन्ज महानगरः ५४
६. काठमाडौं महानगर : ४४.९७

**■ उपमहानगरहरूको कार्यसम्पादन मूल्यांकन अंक**

१. बुटवल उपमहानगर : ६४.४४
२. तुलसीपुर उपमहानगर : ६१.५३
३. घोराही उपमहानगर : ६१.०८
४. धनगढी उपमहानगर : ५६.६०
५. नेपालगन्ज उपमहानगर : ५६.४५
६. हेटौंडा उपमहानगरः ५४.१३
७. जनकपुरधाम उपमहानगरः ५१.५८
८. धरान उपमहानगर : ४९.७६
९. कलैया उपमहानगर : ४९.५७
१०. जीतपुर सिमरा उपमहानगरः ४८.३९
११. इटहरी उपमहानगर : ३८.९६

**■ स्थानीय तहको मूल्यांकनका १७ सूचक**

१ : गाउँ/नगर कार्यपालिकाले असार १० गतेभित्र आव ०८२/८३ को बजेट सम्बन्धित गाउँ/नगर सभामा पेस गरे/नगरेको
२ : गाउँ/नगर कार्यपालिकाले पेस गरेको आव ०८२/८३ को बजेट असार मसान्तभित्र गाउँ/नगरसभाबाट पारित गरे/नगरेको
३ : आव ०८१/८२ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेकोमध्ये ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको
४ : आव ०८३/८४ को आय-व्यय प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण ०८२ पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको
५ : आव ०८१/८२ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी विवरण ०८२ कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको
६ : आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था
७ : गत आवको विनियोजित रकमअनुसार खर्चको अवस्था
८ : आव ०८०/८१ को कुल लेखा परीक्षणबाट औंल्याएको बेरुजुको अवस्था
९ : स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) को प्रयोग गरे/नगरेको
१० : स्थानीय तहले आवधिक योजना तर्जुमा गरे/नगरेको
११ : शैक्षिक सत्र ०८२ मा कक्षा १ देखि ८ सम्म ५ देखि १२ वर्ष उमेर समूहका विद्यार्थी खुद भर्ना दर
१२ : शैक्षिक सत्र ०८१ मा कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर
१३ : शैक्षिक सत्र ०८१ मा सामुदायिक विद्यालयबाट कक्षा १० को परिक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक (जिपिए १.६) वा सोभन्दा उच्च जिपिए प्राप्त गरेका विद्यार्थीको प्रतिशत
१४ : आव ०८१/८२ मा चारपटक गर्भ जाँच गर्ने महिलाको अनुपात
१५ : आव ०८१/८२मा संस्थागत स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात
१६ : आव ०८१/८२ मा पूर्ण खोप पाएका बालबालिकाको अनुपात
१७ : आयोगले तयार गरेको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्टि गरे/नगरेको ।

**Invitation for Bids**

Government of Nepal
Ministry of Home Affairs
**Department of Immigration**
Kalikasthan, Dillibazar, Kathmandu, Nepal
Date of publication: **2082/11/01**

**Invitation for Bids No: DOI/G/NCB-06/2082-83**

1. The **Department of Immigration** invites ***electronic*** bids from eligible bidders for the procurement of "**The Supply, Delivery, Installation & Support of SAN Storage"** under National competitive bidding **-Single Stage Two Envelope (S1E2)** procedures.
2. Under the Single Stage Two Envelope (S1E2) Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu, Email: info@immigration.gov.np, Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document of a non-refundable fee of NRs 3,000.00 (Three Thousand Only) in the following Rajaswa (revenue) account as specified below.

Name of the Bank : **Global IME Bank Ltd.**
Name of Office : **Department of Immigration**
Office Code no. : **314033501 (new) / 27-314-16 (old)**
Office Account no. : **00004010000001**
Rajaswa (revenue) Shirshak no. : **14229**

5. Pre-bid meeting shall be held at meeting Hall of Department of Immigration, Kalikasthan, Kathmandu at **2082/11/10, 12:00 PM**.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 PM** on **2082/12/01** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM on 2082/12/01** at the office of **Department of Immigration, Kalikasthan**, Kathmandu. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **1,90,000 ( One Lakh Ninety Thousand only)**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such cases the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Gaushala Municipality**
**Office of the Municipal Executive**
Gasuhala, Mahottari
Madhesh Province, Nepal

**Invitation for Bid**

**(Date of Second Publication: 13-02-2026)**

The Gaushala Municipality invites electronic bid from Nepalese eligible bidders for the following procurement under Nepalese Competitive Bidding-Single Stage Single Envelope procedures specified in Public Procurement Act and Regulations

| S. N | IFB No | Description & Location of Work | Bid Document fee (NRs) | Bid Security Amount (Nrs) | Estimated Amount Inclusive of VAT and Contingency & Ps (Nrs) | Last date of Bid Submission | Bid Opening Date & Time | Bid Validity Period in day |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RE/GAU/NCB/ WORKS/02-2082/083 | Construction of Culvert | 3000 | 100000.00 | 4716354.19 | 12:00 AM on 01-03-2026 | 14:00 PM on 01-03-2026 | 90 |

Eligible bidder may obtain information from the office of the municipal executive,Gaushala,Mahottari or visit https://bolpatra.gov.np/egp/login.action

**(Chief Administrative Officer)**

# नयाँ उम्मेदवार रुचाउने क्षेत्र काठमाडौं २

## माधव नेपालबाहेक कोही पनि छैनन् दोहोरिएर जितेका, रास्वपाको बिरासत भत्काउने दाउमा एमाले, कांग्रेस, नेकपा र राप्रपा

**प्रेम गौतम**/नयाँ पत्रिका

काठमाडौंको पूर्ण सहरी क्षेत्रदेखि ग्रामीण क्षेत्रसमेत समेटिएको काठमाडौं २ नयाँ उम्मेदवार रोज्ने क्षेत्रका रूपमा परिचित छ। यहाँका मतदाताले हरेक निर्वाचनमा नयाँ जनप्रतिनिधि चुन्दै आएका छन्। सहरी क्षेत्रका मतदाताको अपेक्षा सेवा, व्यवस्थापन र सुशासनको रहँदै आएको छ भने ग्रामीण भेगमा अझै पनि सडक, खानेपानी, सिँचाइजस्ता पूर्वाधारका विषय मुख्य मुद्दा बन्दै आएका छन्। त्यसैले उम्मेदवारले व्यवस्थित सहरीकरणदेखि कृषि र पर्यटनजस्ता विषय उठाउँदै आएका छन्। यो क्षेत्रमा अप्रत्याशित अनुहारसमेत निर्वाचित हुँदै आएका छन्। नानीमैया दाहाल, पद्मरत्न तुलाधर, मदन भण्डारी, मनमोहन अधिकारी, माधवकुमार नेपाल, झक्कु सुवेदीदेखि सोविता गौतमसम्म यो क्षेत्रबाट निर्वाचित भए। यो क्षेत्रमा माधवकुमार नेपाल मात्र दोहोऱ्याएर सांसद निर्वाचित भएको इतिहास छ।

काठमाडौं २ मा १६ दल र १२ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। रास्वपाबाट सुनील केसी, एमालेबाट मणिराम फुयाँल, कांग्रेसबाट कबिर शर्मा, नेकपाबाट नितेश पौडेल, राप्रपाबाट कुन्तीदेवी पोखरेल, नेकपा संयुक्तबाट उपेन्द्र कार्की, उज्यालो नेपाल पार्टीबाट पवन पोखरेल, नेमकिपाबाट शर्मिला माली, त्रिमूल नेपालबाट कृष्णबहादुर खत्री, आजपाबाट तिलकबहादुर मगर, प्रलोपाबाट बालचन्द्र श्रेष्ठ, राष्ट्रिय परिवर्तन पार्टीबाट अनुप बोहरा, जयमातृभूमि पार्टीबाट आनन्द सिंखडा, श्रम संस्कृति पार्टीबाट मुकुन्द कार्की, माओवादीबाट प्रकाश बुढाथोकी र राष्ट्रिय मुक्ति पार्टीबाट नर्वदाकुमारी भट्टराई चुनावी प्रतिस्पर्धामा छन्। स्वतन्त्र उम्मेदवारमा रूपक सिंखडा, अर्जुन ढुंगाना, तीर्थराज पौडेल, टपबहादुर थापा, सीता तिवारी, रूपक बस्ताकोटी, राजकुमार श्रेष्ठ, त्रिलोकबहादुर चन्द, मञ्जु लामा, इरा श्रेष्ठ, विश्वास बस्नेत, वीरेन्द्रकुमार साह छन्।

२८ उम्मेदवारमध्ये ६ जना महिला छन्। दलबाट तीन र स्वतन्त्र पनि तीन उम्मेदवार महिला छन्। राप्रपाबाट कुन्तीदेवी पोखरेल, नेमकिपाबाट शर्मिला माली र राष्ट्रिय मुक्ति पार्टीबाट नर्वदाकुमारी भट्टराई तथा स्वतन्त्रबाट सीता तिवारी, मञ्जु लामा र इरा श्रेष्ठ छन्।

गत निर्वाचनमा रास्वपाकी सोविता गौतम निर्वाचित भइन्। सधैं नयाँ उम्मेदवार रोज्ने यो क्षेत्रमा एमाले र राप्रपाबाहेक अन्य दलले उम्मेदवार दोहोऱ्याएका छैनन्। गत निर्वाचनमा निर्वाचित गौतमसमेत चितवन ३ पुगेकी छिन्। रास्वपाले प्रदेशका पूर्वसांसद ४३ वर्षीय सुनील केसीलाई उम्मेदवार बनाएको छ। उनी अघिल्लो निर्वाचनमा राप्रपाबाट प्रदेश सांसदमा निर्वाचित भएका थिए। रास्वपाका वरिष्ठ नेता बालेन शाहको कोटाबाट उनी उम्मेदवार बनेका हुन्।

कांग्रेसले ३७ वर्षीय कबिर शर्मा (फुयाँल)लाई उम्मेदवार बनाएको छ। उनी भूगर्भविद् हुन्। एमालेले अघिल्लो निर्वाचनमा पराजित ६० वर्षीय मणिराम फुयाँललाई नै मौका दिएको छ। ०७४ को निर्वाचनमा उनी प्रदेश सांसद निर्वाचित भएका थिए। राप्रपाले पनि गत निर्वाचनमा पराजित ३८ वर्षीया कुन्तीदेवी पोखरेललाई उम्मेदवार बनाएको छ।

नेपाली कम्युनिस्ट पार्टीले ३८ वर्षीय युवा नितेश पौडेललाई नै उम्मेदवार बनाएको छ। यसअघि, सहसंयोजक माधवकुमार नेपालले दुईपटक जितेको क्षेत्र हो यो। उनै नेपालको सचिवालयमा बसेर पौडेल चुनावी अभियानमा खटिएका थिए।



**जम्मा मतदाता** : ८८,७०८
**महिला** : ४३,३९३
**पुरुष** : ४५,३१५
**मतदानस्थल** : ४०
**मतदान केन्द्र** : १००
**उम्मेदवार** : १६ दलका र १२ स्वतन्त्र गरी २८ उम्मेदवार

### कति छन् मतदाता, कुन-कुन ठाउँ पर्छ ?

काठमाडौंका १० निर्वाचन क्षेत्रमध्ये यो दोस्रो बढी मतदाता भएको क्षेत्र हो। यहाँ ८८ हजार ७०८ मतदाता छन्। काठमाडौं महानगरपालिका-३२ स्थित कोटेश्वरको बालकुमारी पुलदेखि वडा नम्बर ९ बत्तीसपुतली हुँदै सिन्धुपाल्चोक र काभ्रेको दोसाँध छापभञ्ज्याङसम्म यो क्षेत्र फैलिएको छ। काठमाडौं महानगरपालिकाअन्तर्गत ९ र ३२, कागेश्वरी मनोहराको ४ देखि ९ र शंखरापुर नगरपालिकाका सम्पूर्ण वडा यो निर्वाचन क्षेत्रमा पर्छन्।

काठमाडौं महानगरपालिकाअन्तर्गत वडा नम्बर ९ र ३२ पूर्ण सहरी क्षेत्र हुन्। कागेश्वरी र शंखरापुर नगरपालिकाका केही वडा काँठ क्षेत्रका हुन्। शंखरापुरको नाङ्लेभारे, पटाप, जहरसिंहपौवा, लप्सेफेदी, पालुबारीलगायत ग्रामीण क्षेत्र छन्। काठमाडौंमा भएर पनि पटापमा हालसम्म कालेपत्रे सडक छैन। जहरसिंहपौवादेखि छापभञ्ज्याङसम्म पानीको संकट छ।

### उम्मेदवारहरूको आ–आफ्नै दाबी

● **सुनील केसी**, रास्वपा



सबैभन्दा ठुलो कुरा आफू पहिला इमानदार हुने र त्यसपछि भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिमा रहेर इमानदारितापूर्वक देश र जनताका लागि काम गर्ने हो। तीन वर्ष प्रदेशको सांसद हुँदा पनि म सडकमै रहेर काम गरेँ। समाजसेवामा केन्द्रित हुँदै आएको छु। काठमाडौं महानगरपालिकाका साथै कागेश्वर मनोहरा र शंखरापुर नगरपालिका पनि यो क्षेत्रमा पर्छ। ग्रामीण क्षेत्रमा बाटोको समस्या छ, कृषि क्षेत्रको पनि समस्या छ। देशमा बोलेर होइन, काम गरेर देखाउन उम्मेदवार बनेको छु। कोरोना र भूकम्पमा पनि फ्रन्टलाइनमा उभिएर सेवा गरेँ। प्रदेशमा पनि उठेर जितेँ। शिक्षालाई गुणस्तरीय बनाउनुपर्ने, ट्राफिक जाम हटाउनुपर्ने, व्यवस्थित सहर निर्माण गर्नुपर्ने, कृषि र पर्यटनको क्षेत्रमा काम गर्नुपर्ने, भ्रष्टाचारमुक्त बनाउनुपर्ने, परिवर्तन सबैभन्दा पहिला आफैँबाट थाल्नुपर्नेछ।

● **मणिराम फुयाँल**, एमाले उम्मेदवार



पहिलो कुरा देशमा राजनीतिक स्थिरता हुनुपर्छ। अहिलेको निर्वाचन प्रणाली सधैँ त्रिशंकु संसद् जन्माउने प्रणाली भयो। कुनै पनि दलको बहुमतको सुनिश्चितता देखिएन। समावेशीलगायत संविधानको मर्म नछुटाईकन कसरी हुन्छ निर्वाचन प्रणालीबाट स्थायित्व कायम गर्ने गरी संविधान संशोधन गर्नुपर्नेछ। संविधानअनुकूलका कानुन बनाउन पनि ध्यान दिनुपर्छ। आर्थिक प्रणालीको कुरा छ, शिक्षा, स्वास्थ्य कृषि र पर्यटनलाई बढी जोड दिनुपर्छ। यसका साथै क्षेत्रीय एजेन्डामा कोटेश्वर-जडीबुटीमा ट्राफिक जामले हैरान पारेको छ भने पटापतिर गाडी कुदाउने सडक नै छैन। मनोहरा करिडोर पनि अगाडि बढाउनुपर्नेछ। खानेपानीको व्यवस्थापन, शंखरापुरमा सडक स्तरोन्तरी गर्नुपर्नेछ। अव्यवस्थित बसोबासको समस्या छ। इमानदारिताको साथ काम गर्नेछु।

● **कुन्ती पोखरेल**, राप्रपा



यो क्षेत्रबाट निर्वाचित सांसद प्रधानमन्त्री, राष्ट्रपतिसम्म भइसके पनि काठमाडौंको मुटुमा रहेको यो क्षेत्रको समस्या भने हालसम्म पनि समाधान हुन सकेको छैन। त्यसैले यहाँ प्रत्येक निर्वाचनमा सांसदहरू फेरिँदै आएका छन्। नीति निर्माणसँगै यो क्षेत्रको विकास गर्नुपर्नेछ। ट्राफिक जामदेखि बाटोको समस्या, खानेपानीको समस्या छ। कृषि र पर्यटन विकास गर्नुपर्नेछ। शालीनदीजस्ता धार्मिकस्थलहरूलाई विश्वभर प्रचार गरेर धार्मिक पर्यटन भित्र्याउनुपर्नेछ। स्मार्ट सिटी बनाउनुपर्नेछ, युवालाई स्वरोजगार बनाउनुपर्नेछ। अर्कोतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीको एजेन्डा (राजसंस्था र हिन्दुराष्ट्र) देशका लागि अति आवश्यक भइसकेको छ र यसको चर्चा अहिले गल्ली-गल्लीमा हुन थालेको छ। अहिले देशमा दुईवटा धार छन्- एउटा प्रचण्डपथ र अर्को पृथ्वीपथ। पृथ्वीपथमा राप्रपा छ भने अन्य सबै दल प्रचण्डपथमा छन्। राप्रपाले बहुमत ल्याएमा राजेन्द्र लिङ्देन प्रधानमन्त्री बन्नुहुनेछ र हामीले संविधान फेरेर राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना गर्नेछौं।

● **कबिर शर्मा**, कांग्रेस उम्मेदवार



मुख्यगरी सहरी क्षेत्रमा ट्राफिक जामको ठुलो समस्या छ, ग्रामीण कतिपय क्षेत्रमा बाटो नै पुगेको छैन। त्यसको समाधानका साथै खानेपानी समस्याको दिगो समाधान, मनोहरा करिडोरलाई व्यवस्थित गर्ने, कागेश्वरी मनोहरामा नयाँ व्यवस्थित सहर बनाउने योजना छ। शंखरापुरमा कृषि र पर्यटनको पूर्वाधर विकास गर्ने, धार्मिक पर्यटनको विकास गर्ने एजेन्डा छ। स्थानीय तहसँग समन्वय गरेर हरेक युवालाई रोजगारी दिने, किशोर अवस्थामै सबैलाई सिप दिएर युवा अवस्थामा आम्दानी गर्दै पढ्दै गर्ने स्वावलम्बी युवाको विकास गर्ने योजना छ।

● **नितेश पौडेल**, नेकपा



क्षेत्रका समस्या समाधान गर्ने गरी नीति निर्माणमा मुख्य ध्यान दिनेछु। साथै, व्यावहारिक पक्षमा जनताकै साथमा रहेर काम गर्नेछु। यहाँका समस्या र विकास निर्माणसँग घुलमिल हुँदै आएकाले योजनाबद्ध रूपमा काम गर्न सजिलो हुनेछ। ट्राफिक जाम हटाउने, बाटोघाटोदेखि खानेपानी, कृषि, शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनको क्षेत्रमा धेरै काम गर्नुपर्नेछ। रोजगारी र स्वरोजगारी सिर्जना गर्ने, विद्यार्थीलाई पढ्दै कमाउने वातावरण बनाउने, मनोरम पार्क निर्माण, व्यवस्थित खेलमैदान आदि पूर्वाधारको काम पनि गर्नुपर्नेछ। सांस्कृतिक सम्पदाको संरक्षण, सरकारी जग्गाको संरक्षण पनि मेरो प्राथमिकतामा छन्।

### हालसम्म क-कसले जिते ?

पहिलो निर्वाचन ०१५ मा डा. केआई सिंह नेतृत्वको युनाइटेड डेमोक्रेटिक पार्टीले जितेको थियो। लोचनशमशेर थापा निर्वाचित भएका थिए। ०३८ को राष्ट्रिय पञ्चायतको निर्वाचनमा यो क्षेत्रबाट नानीमैया दाहाल निर्वाचित भइन्। जतिवेला काठमाडौंमा दुई क्षेत्र मात्रै थियो। ०४३ मा राष्ट्रिय पञ्चायतको अर्को निर्वाचनमा जनपक्षीय उम्मेदवार पद्मरत्न तुलाधर निर्वाचित भए। ०४८ मा काठमाडौं पाँचवटा निर्वाचन क्षेत्र भयो। यो भेग क्षेत्र नम्बर १ मा पऱ्यो। जहाँबाट तत्कालीन अन्तरिक सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई एमालेका तत्कालीन महासचिव महासचिव मदन भण्डारीले पराजित गरे।

०५० मा भण्डारीको दासढुंगा दुर्घटनामा निधन भएपछि उपनिर्वाचन भयो। उपचुनावमा भण्डारीपत्नी विद्यादेवी भण्डारी निर्वाचित भइन्। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरी मध्यावधि चुनाव घोषणा गरे। ०५१ को मध्यावधिमा काठमाडौंमा सात क्षेत्र भयो। यो क्षेत्रबाट एमालेका मनमोहन अधिकारी निर्वाचित भए। काठमाडौं ३ बाटसमेत निर्वाचित अधिकारीले यो क्षेत्र छाडेपछि उपनिर्वाचन भयो, एमालेकै नारायण ढकाल निर्वाचित भए। ०५६ को निर्वाचनमा एमालेबाट अधिकारी नै उम्मेदवार बने। तर, चुनावअगावै अधिकारीको निधन भएपछि निर्वाचन धकेलियो। उक्त निर्वाचनमा एमालेबाट प्रदीप नेपाल विजयी भए।

०६४ को पहिलो संविधानसभा निर्वाचनमा एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई पराजित गरेर तत्कालीन माओवादीका झक्कु सुवेदी निर्वाचित भए। ०७० को निर्वाचनमा भने नेपाल निर्वाचित भए। रौतहट १ बाटसमेत निर्वाचित नेपालले यो क्षेत्र छाडेपछि उपनिर्वाचन भयो। उपनिर्वाचनमा एमालेका कृष्णगोपाल श्रेष्ठलाई पराजित गर्दै कांग्रेसका दीपक कुइँकेल निर्वाचित भए। ०७४ को निर्वाचनमा नेपाल यही क्षेत्रबाट निर्वाचित भए। गत निर्वाचनमा रास्वपाका सोविता गौतम निर्वाचित भइन्।

---

### संक्षेप

#### ट्र्याक्टरको रोटाबेटरले किचेर दुई बालिकाको मृत्यु

**महोत्तरी**/ महोत्तरीको मटिहानी नगरपालिका- ४, मझौरामा ट्र्याक्टरको रोटाबेटरले काट्दा दुई बालिकाको मृत्यु भएको छ। स्थानीय इमरान राइनकी सात वर्षीया छोरी फरहाना खातुन र सिराहा नगरपालिका- ११, माडर बस्ने सम्तुला राइनकी छोरी आठ वर्षीया रफिया खातुनको मृत्यु भएको हो। गरिब आलमले चलाएको ज.१त ९७८२ नम्बरको ट्र्याक्टरले खेत जोतिरहेको अवस्थामा ट्र्याक्टरमाथि बसेकी दुई बालिका लडी ट्र्याक्टरको पछाडि राखेको रोटाबेटरमा टाउको काटिएर मृत्यु भएको हो। स्थानीय फुल मोहम्मदको ट्र्याक्टरका चालक घटनापछि फरार भएको प्रहरीले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डल घटनास्थल पुगेका थिए।

#### सुधार केन्द्रबाट १२ जना फरार

**धनकुटा**/ धनकुटा नगरपालिका- ५, कर्मीटारमा रहेको एक सुधार केन्द्रबाट १२ जना भागेका छन्। एक वर्षअघिदेखि सञ्चालनमा रहेको कर्मीटारस्थित सुनौलो जीवन सुधार तथा उपचार केन्द्रमा उपचाररत १२ जना बिहीबार बिहान १० बजे फरार भएको जिल्ला प्रहरी कार्यालय धनकुटाका सूचना अधिकारी डिएसपी ज्ञानकुमार महतोले बताए। सुधार केन्द्रको छतबाट हामफालेर उनीहरू भागेका थिए। लागुऔषध तथा मादक पदार्थमा फसेका, मानसिक समस्या भएर औषधि सेवन गर्न नमान्नेलाई सुधार केन्द्रमा राखेर उनीहरूको हेरचाह र उपचार गरिँदै आएको छ। सुधार केन्द्रमा रहेका ३४ मध्ये १२ जना सुधार केन्द्रको छतमाथिबाट भागेर फरार भएका छन्। उनीहरू फरार रहेको जानकारी पाएसँगै प्रहरीले उनीहरूको खोजीकार्य सुरु गरेको डिएसपी महतोले बताए।

#### टाउकोमा पानी जमेका बिरामीको उपचारमा सहयोग गर्न अपिल

**खोटाङ**/ टाउकोमा पानी जम्ने समस्याले गम्भीर बिरामी परेका दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ३ बाम्राङका ३३ वर्षीय रामकुमार थापाको उपचारमा आर्थिक अभाव भएको छ। एकपटक शल्यक्रिया गराइसकेका थापाको पुनः अप्रेसन गर्नुपर्ने भएपछि खर्च अभाव भएको हो। शिक्षण अस्पताल काठमाडौंमा उपचार गराइरहेका थापाको टाउकोमा अप्रेसनपछि दुईवटा स्टिल प्लेट राखिएको छ। अप्रेसन गर्ने क्रममा राखिएका स्टिल प्लेट निकाल्न नमिल्ने उपचारमा संलग्न चिकित्सकले बताएका छन्। पहिलो अप्रेसन गरेको १९ महिना भएको बताइएको छ। कमजोर आर्थिक अवस्थाका कारण उपचारमा समस्या भोग्दै आएका थापाका लागि यसअघि पनि चन्दा संकलन गरेरै अप्रेसन गरिएको स्थानीयले बताएका छन्। अप्रेसनपछि केही सुधार देखिए पनि करिब तीन महिनापछि शरीरको एकापट्टिको (देब्रे) हात र खुट्टा नचल्ने अवस्था छ। पछिल्लो समय हातका औँला चल्न छोडे पनि उठ्न-बस्न भने सक्ने अवस्थामा रहेको पीडित थापाले बताए। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ३, बाम्राङ वडा कार्यालयले रामकुमार थापाको उपचारका लागि आर्थिक सहयोग गर्न सम्पूर्ण नागरिकलाई अनुरोध गरेको छ। वडा कार्यालय बाम्राङले आगामी २२ वैशाख ०८३ सम्म नेपाल बैंक लिमिटेडमा रहेको बिरामी रामकुमार थापाको खाता नम्बर ३११०१००७६२४६१९००००१ मा आर्थिक सहयोग पठाउन सार्वजनिक रूपमै अपिल गरेको हो।

## बिलभन्दा बढी डिजेल सप्लाई गर्ने डिपो प्रमुखलाई पाँच महिना कैद

**काठमाडौं**/ नेपाल आयल निगमको डिपो प्रमुखसमेत चारजना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। बिहीबार विशेष अदालतले नौ महिनाअघि दायर मुद्दामा यस्तो सजाय सुनाएको हो। विशेषका अनुसार चित्तरञ्जन दास, निर्मल थापा, बाबुराम जमरकट्टेल र पश्चिमाञ्चल ट्रेडर्सलाई सजाय सुनाइएको हो। उनीहरू तीनैजनालाई जनही पाँच महिना कैद हुने भएको छ। फैसलाअनुसार चारैजनाबाट बिगोको दामासाहीले हुन आउने रकम ५६ हजार ६५ रुपैयाँ जरिवाना हुने भएको छ भने क्षतिपूर्ति शुल्कसमेत पीडित राहत कोषमा भराइने भएको छ।

विशेषका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्य विदुर कोइरालाको इजलासले यो फैसला गरेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत २५ जेठमा ६ प्रतिवादी बनाई मुद्दा चलाएको थियो।

जसमा नेपाल आयल निगम गण्डकी प्रादेशिक कार्यालयका प्रमुख चित्तरञ्जन दाससमेत प्रतिवादी थिए।

दाससमेतले ट्यांक-ट्रकमा १२ हजार लिटर पेट्रोलियम पदार्थको अर्डर स्वीकृत गरी त्यसभन्दा बढी डिजेल भनेर पठाएको भेटिएको थियो। अर्डरबापतको रकम लिई बिल भौचरसमेत तयार गरेर पेट्रोलियम पदार्थ लिन पठाइएको थियो। डिप र सिल गर्ने जिम्मेवारीमा रहेका डिलर्स एसोसिएसनको प्रतिनिधि जगन्नाथ ढुंगाना र लक्ष्मुन रानाभाटसँगको मिलेमतोमा बदनियत राखी सिसिटिभीसमेत बन्द गरी अर्डरभन्दा बढी मात्रामा डिजेल लोड गरिएको दाबीसहित मुद्दा दर्ता भएको थियो।



चित्तरञ्जन दास

अख्तियारका अनुसार २४ साउन ०८० मा पश्चिमाञ्चल ट्रेडर्सको ग.२ख ८३६ नम्बरको ट्यांक-ट्रकमा १२ हजार लिटर लोड गर्नुपर्नेमा १५ हजार ३८ लिटर डिजेल लोड भएको भेटिएको थियो। यसरी सिल लगाई डिजेल लिई निस्किएको ट्यांक-ट्रक पोखरा महानगरपालिका- २७ को डाँडानाकामा नियन्त्रणमा लिइएको थियो। चेकजाँचका क्रममा तीन हजार ३८ लिटर बढी डिजेल भेटिएपछि अख्तियारले डिपो मूल्य चार लाख ४८ हजार रुपैयाँभन्दा बढी रकम बिगो दाबीसहित मुद्दा दर्ता गराएको थियो। यसमा डिपो प्रमुख दास तथा पश्चिमाञ्चल ट्रेडर्स तथा यसका सञ्चालक बाबुराम जमरकट्टेल पनि प्रतिवादी थिए।

## घोषणापत्रमाथि सुझाव संकलन गर्दै एमाले

**काठमाडौं**/ एमालेले प्रतिनिधिसभाको निर्वाचन घोषणापत्र लेखनका लागि सुझाव संकलन गरिरहेको छ। पार्टीले जस्तै उम्मेदवारले पनि निर्वाचन क्षेत्रमा प्रतिबद्धता सार्वजनिक गर्नुअघि सुझाव संकलन गरिरहेका छन्। केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार घोषणापत्र लेखनका लागि अहिले जनवर्गीय संगठन, पार्टी सदस्यबाट सुझाव संकलन गरिएको छ। त्यस्तै, पार्टीसम्बद्ध बुद्धिजीवीले पनि घोषणापत्र मस्यौदा समितिलाई सुझाव दिएका छन्। कतिपय जनवर्गीय संगठनले कार्यालयमा आएर र कसैले इमेलमार्फत एमाले केन्द्रीय कार्यालयमार्फत समितिलाई सुझाव पठाएको पनि अधिकारीले जानकारी दिए। 'घोषणापत्रका लागि सुझाव संकलन भइरहेको छ, अहिलेसम्म जनवर्गीय संगठन, पार्टीनिकट बुद्धिजीवी, पार्टी सदस्यबाट सुझाव आउने क्रम जारी छ,' उनले भने, 'तिनै सुझावका आधारमा घोषणापत्रको अन्तिम मस्यौदा बनाउने क्रम पनि सँगसँगै चलिरहेको छ।' उनका अनुसार एमालेले फागुन पहिलो साताभित्रै घोषणापत्र सार्वजनिक गर्ने तयारी छ। मस्यौदा लेखनको नेतृत्व नीति प्रतिष्ठानका संयोजक विष्णु रिमालले गरिरहेका छन्।

---

### मकवानपुर २ मा जनजाति मत निर्णायक

# एमालेलाई रोक्ने प्रयासमा कांग्रेस, नेकपा र रास्वपा

मकवानपुरमा **पोष्टराज अधिकारी**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर २ मा पुराना र नयाँ दलबिच कडा प्रतिस्पर्धा हुने देखिएको छ। चेपाङ र तामाङ समुदायको बाहुल्य रहेको यस क्षेत्रमा एमालेले आफ्नो बिरासत जोगाउने प्रयास गरिरहँदा कांग्रेस, नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ अनुहारमार्फत मतदाता तान्ने रणनीतिमा छन्।

०४८ देखि नै कम्युनिस्टहरूको प्रभाव बलियो मानिँदै आएको मकवानपुर २ मा यसपटकको निर्वाचन भने सहज देखिँदैन। ०७९ को निर्वाचनमा एमालेका महेश बर्तौलाले जित हात पारेका थिए। उनले आफ्नै राजनीतिक गुरु विरोध खतिवडालाई हराएका थिए। एमालेले यसपटक पनि बिरासत जोगउन भन्दै बर्तौलालाई नै दोहोऱ्याएको छ।

यसपटकको प्रतिस्पर्धा फरक छ। गठबन्धनविनै निर्वाचन हुँदै छ भने जेन-जी आन्दोलनपछि मतदाताहरूको मनजस्तै मत फेरिने सम्भावना चर्को छ। यता जनजाति मत कसको पक्षमा जान्छ भन्ने प्रश्नले पनि चुनावी बहसलाई थप रोचक बनाउने देखिन्छ। एमालेका बर्तौलासँगै कांग्रेसले बुद्ध लामा, नेकपाले लवशेर विष्ट, रास्वपाले प्रशान्त उप्रेती, उज्यालो नेपालले डा. प्रवीणकुमार स्याङ्तान र प्रलोपाले सन्तोष विष्टलाई मैदानमा उतारेका छन्।

बर्तौलाबाहेक अन्य दलका सबै उम्मेदवार पहिलोपटक संसदीय चुनाव लड्दै छन्। जनजातिबाहुल्य क्षेत्रमा कांग्रेसले लामालाई उम्मेदवार बनाएर जातीय मत आकर्षित गर्ने रणनीति बनाएको देखिन्छ। यस क्षेत्रको प्रदेश सभाअन्तर्गत एउटा क्षेत्रमा कांग्रेसका प्रदेश सभापति एवं वर्तमान मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जितेका छन्। स्थानीय तहका अधिकांश पालिकामा कांग्रेसले प्रमुख र उपप्रमुख तथा वडा जितेको छ।

नेकपाका उम्मेदवार विष्ट थाहा नगरपालिकाका पूर्वप्रमुख हुन्। 'रुदाने'का अनुयायी विष्टले पारदर्शिता, सुशासन र कार्यसम्पादनलाई आफ्नो मुख्य एजेन्डा बनाएका छन्। मेयर हुँदा निर्माण व्यवसाय बन्द गरेर पूर्णकालीन जिम्मेवारी सम्हालेका विष्टको कार्यकालमा थाहा नगरपालिका बेरुजु फर्स्योट र कार्यसम्पादन मूल्यांकनमा अब्बल बनेको थियो। उनी आफ्नो कार्यकालमा थाहामा कायम गरेको सुशासनको कामलाई मुख्य एजेन्डाका रूपमा मतदातामाझ प्रस्तुत भइरहेका छन्।

एमाले उम्मेदवार बर्तौला भने संगठन, पहुँच र अघिल्लो कार्यकालमा गरेका विकासका कामलाई आधार बनाएर मतदाता सम्हाल्ने प्रयासमा छन्। तर, जेन-जी आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीको भूमिकाप्रति देखिएको असन्तुष्टिले बर्तौलाका लागि चुनौती थपेको छ। उनले आफ्नो अघिल्लो कार्यकालमा पूरा गर्न बाँकी रहेका कामलाई पनि मतदातासामु अघि सारेका छन्। नेकपा र रास्वपाले 'पुराना दल असफल भए' भन्ने नारासहित जनतासँग संवाद तीव्र बनाइरहेका छन्। रास्वपा उम्मेदवार उप्रेतीले पुराना दलप्रति असन्तुष्ट मतदातालाई आकर्षित गर्ने प्रयास गरिरहेका छन्। उनी यहाँ प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबैभन्दा कान्छा र नयाँ अनुहार हुन्।

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको टिमसँग नजिक मानिने उप्रेती एकाएक टिकट पाएपछि जिल्ला र केन्द्रस्तरका रास्वपा नेता-कार्यकर्ता नै चकित बनेका थिए। रास्वपाको संगठन त्यति बलियो नभए पनि गत निर्वाचनमा रास्वपाका जिल्ला सभापति भरत पराजुलीले उम्मेदवार हुँदा १२ हजारभन्दा बढी मत पाएका थिए। पराजुलीले पाएको मतलाई जोगाउँदै थप मत बढाउन र जित निकाल्न उप्रेतीलाई पनि त्यति सजिलो देखिँदैन। बालेनसहित शीर्ष नेतृत्वको सक्रिय उपस्थितिले मात्र उप्रेतीलाई केही सहजता दिलाउन सक्ने आकलन गरिएको छ।

यस क्षेत्रमा उज्यालो नेपाल पार्टीका प्रवीणकुमार स्याङ्तान पनि चर्चामा छन्। विद्युतीकरणका क्रममा कुलमान घिसिङको भूमिकाबाट प्रभावित मत उज्यालो नेपाल पार्टीतर्फ आकर्षित हुने अनुमान छ, जसले ठुला दलका उम्मेदवारलाई समेत असर पार्न सक्छ। यस्तै, प्रलोपा पार्टीका युवा उम्मेदवार सन्तोष विष्टको उपस्थितिले पनि चुनावलाई थप रोचक बनाएको छ। ०७९ को निर्वाचनमा यस क्षेत्रमा एमालेले ३४ हजार ९१६ मतसहित जित निकालेको थियो। कांग्रेस-माओवादी-एकीकृत समाजवादी गठबन्धनका उम्मेदवार विरोध खतिवडाले ३० हजार ३९६ मत प्राप्त गरेका थिए। रास्वपाले पनि उल्लेख्य मत ल्याएको थियो। अहिले गठबन्धन नभएकाले प्रतिस्पर्धा झनै खुला बनेको छ।

यसपटकको निर्वाचनमा एक लाख ५६ हजारभन्दा बढी मतदाता रहेको मकवानपुर २ मा जनजाति समुदायको मत कसरी ध्रुवीकृत हुन्छ भन्ने कुराले अन्तिम नतिजा तय गर्ने देखिन्छ। एमालेको बिरासत टिक्छ कि नयाँ शक्ति उदाउँछ भन्ने प्रश्नको उत्तर जनजाति मतदाताको निर्णयसँग गाँसिएको छ।

मकवानपुर २ मा कुल मतदाता संख्या एक लाख ५६ हजार ८९९ छन्। जसमा महिलाको संख्या ७४ हजार ५६६, पुरुषको संख्या ८२ हजार ३३२ र अन्य मतदाता एकजना छन्। यो निर्वाचन क्षेत्रमा १०५ मतदानस्थल र १९६ मतदान केन्द्र छन्।


मकवानपुरका प्रहरी प्रवक्ता पुष्कर बोगटीका अनुसार यस क्षेत्रको राक्सिराङ गाउँपालिकामा-६ मतदान स्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा एक मतदानस्थल र तीन मतदान केन्द्र, मनहरी गाउँपालिकामा एक मतदानस्थल र तीन मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा एक मतदानस्थल र एक मतदान केन्द्र अति संवेदनशील मानिएका छन्।

● **महेश बर्तौला**, उम्मेदवार एमाले




प्रतिनिधिसभामा मेरो पाँच वर्षे कार्यकाल पूरा हुन पाएन। मैले यहाँका चेपाङ, तामाङका समस्या सदनमा पटकपटक उठाएको छु। बफरजोनको समस्या समाधानमा मैले कानुन निर्माणमा विशेष पहल गरेको छु। कतिपय सडक, विद्यालय, पाउने पानी जस्तो आवश्यकताका क्षेत्रमा काम गर्दै आएको थिएँ।

● **बुद्ध लामा**, कांग्रेस उम्मेदवार




म यहाँको भूगोल र मानिसको समस्यासँग परिचित छु। वर्षौंदेखि यहाँका मानिस, राष्ट्रिय निकुञ्ज र मानिस र जनावरबिच द्वन्द्व चलिरहेको छ, लालपूर्जासम्बन्धी समस्या वर्षौंदेखि ज्युँकात्युँ छ। दुर्गम क्षेत्र भएका कारण बाटोघाटो, अशिक्षा, गरिबी, स्वास्थ्य उपचार जस्ता विषय यहाँको मुख्य समस्या हो।

● **लवशेर विष्ट**, नेकपा उम्मेदवार



जनप्रतिनिधि भएर मैले थाहा नगरपालिकाका जनताको सेवा गर्ने अवसर पाएको थिएँ। म सुशासनमा विश्वास गर्छु। मैले पाँच वर्ष जनप्रतिनिधि भएर काम गर्दा नै आफूलाई प्रमाणित गर्ने कोसिस गरेको छु। स्थानीय तह र प्रतिनिधिसभामा अवश्य पनि जनप्रतिनिधिको भूमिका फरक हुन्छ। विशेष गरी मकवानपुर २ मा रहेको भौगोलिक विकटतासँगै बाटोघाटो, शिक्षा, स्वास्थ्य, खानेपानी, लागूऔषध गाँजा खेतीको समस्या यावत समस्या समाधानका लागि आफ्ना योजना लिएर जनतामाझ गएको छु।

● **प्रशान्त उप्रेती**, रास्वपा उम्मेदवार



यस क्षेत्रमा विगतदेखि नै रहका शिक्षा, स्वास्थ्य, बाटोघाटो, रोजगारी, कृषिक, भूमिहिनहरूको समस्या समाधानका लागि आवस्यक कानुन निर्माणदेखि नयाँ हुनुको अनुभूति कामबाटै प्रमाणित गर्ने लक्ष्य र उद्देश्य छ। देशमा पुराना दलहरूबाट व्याप्त भ्रष्टाचार, कुशासन भए भनेर नै रास्वपाको जन्म भएको हो। हामी नयाँ नीति, विधि र तिथि स्थापित गर्छौं र तिनै नीति र विधि र थितिअनुसार जनताका आम समस्या समाधानमा जोड दिन्छौ।

# मतदाताको विवेकको परीक्षा

## मुलुक आर्थिक, सामाजिक समस्यामा अल्झेको एवं युवापुस्तामा निराशा र आक्रोश बढेको समयमा मतदाताले नै हो विवेक पुऱ्याउने



● मेखराज उदय

अग्रलेख

चर्चित चिनियाँ लोककथाबाट लेखको सुरुवात गर्छु। कुनै एक सहरमा पानीको चरम अभाव थियो। टोलमा पानीको व्याकुलता देखेर एकजना इन्जिनियरले सडकछेउमा इनार खने। सो इनारको पानीले टोलभरिका मानिसको तिर्खा मेटियो। त्यति मात्रै होइन, त्यो इनार खन्ने इन्जिनियर पनि प्रख्यात बन्यो। उसको जयजयकार भयो। मानिसले भन्न थाले- यो व्याकुल सहरमा पानी ल्याइदिने त्यो व्यक्ति सामान्य मान्छे नभएर भगवान् नै हुनुपर्छ। हुँदाहुँदा ती इन्जिनियरलाई देवत्वकरण नै गरियो।

एक रात कुनै एक व्यक्ति सो इनारको बाटो हुँदै यात्रारत थियो। अँध्यारोका कारण त्यो व्यक्ति सोही इनारमा खस्यो र उसको त्यहीं मृत्यु हुन पुग्यो। त्यसपछि सारा सहरवासी आक्रोशित बन्न पुगे। मानिसले भन्न थाले- 'बिच बाटोमा इनार खन्ने कस्तो मूर्ख हो ? त्यो व्यक्ति हत्यारा हो, अपराधी नै हो। त्यसलाई सजाय दिलाउनुपर्छ।' त्यसैले हामीले बुझ्न आवश्यक छ, लोकप्रीयतावादी (पपुलिस्ट) राजनीतिको आयु लामो हुँदैन। भिडको मनोदशा बदलिन धेरै समय लाग्दैन।

कन्फ्युसियस भन्थे, 'मौनताले निरंकुशतालाई नै बल पुग्छ।' लोकतन्त्रमा नागरिकले शासकको गलत कामप्रति विरोध गर्ने स्वतन्त्रता प्राप्त गरेका छन्। बौद्धिक जमातको मौनता घृणास्पद र लज्जास्पद छ। हिजो दलहरूको राष्ट्रघात, बेइमानी, कुशासन र भ्रष्टाचारविरुद्ध सचेत र बौद्धिक भनिनेहरू मौन बसे। केपी ओली नेतृत्वको सरकारको बेथिति, गैरसंवैधानिक काम र शैलीको समयमै पर्याप्त विरोध हुनै सकेन। आज नयाँका नाममा उपलब्धि, व्यवस्थाविरोधी, ध्वंसकारी, हिंस्रक, स्टटन्बाजविरुद्ध मूर्दाशान्ति छाएको छ। विरोधका नाउँमा व्यक्तिगत कुण्ठा पोख्ने, साम्प्रदायिक, धार्मिक र जातीय घृणा फैलाउने कार्य रोक्नु के जरुरी छैन ?

उसो त लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण अधिकार भनेको नागरिकले प्राप्त गर्ने बालिग मताधिकार हो। जसको प्रयोगबाट कानुनबमोजिम उसले आफ्नो प्रतिनिधि चुन्न र आफैंसमेत जनप्रतिनिधि चुनिन पाउँछ। विडम्बना, जनताको भने औपचारिक कुनै भूमिका उपलब्ध छैन। स्मरण रहोस्, हाम्रो संविधानमा कसैलाई पनि नागरिक बन्नबाट वञ्चित नगराइने व्यवस्था छ। तथापि, यही भूमिमा जन्मिएर युगौं वा पुस्तौं बिताएका भूमिपुत्रहरू अझै गैरनागरिक रहन बाध्य छन्। जाति, धर्म र सम्प्रदाय विशेषका कारण मधेशका अधिकांश दलित, उत्पीडित र पहाडको ठुलो समूह नागरिकता नपाएका कारण नागरिक बन्नबाट वञ्चित छन्। यो विषय अझै चुनावी अजेन्डा बन्न सकेको छैन। देश सम्पन्न बन्न जनता संवैधानिक अधिकारसम्पन्न बन्नु अनिवार्य छ।

२१ फागुनका लागि घोषित आमचुनावको मिति निकट बन्दै छ। संविधान र विधिको शासनमाथि गम्भीर संकट आइपरेको असाधारण अवस्थामा हुन लागेको यो निर्वाचनको नियमितभन्दा बेग्लै विशेष महत्त्व छ। पहिलो कुरा, २३ र २४ भदौको जेन-जी आन्दोलनप्रति दलहरूका दृष्टिकोण र बुझाइ फरक छन्। नेपाली कांग्रेसले विशेष महाधिवेशनमार्फत औपचारिक रूपमा जेन-जी आन्दोलनलाई विद्रोहका रूपमा स्वीकार गरेको छ। तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कांग्रेसलाई पुनर्जीवन दिन अन्तिम र सम्भवतः सबैभन्दा अप्रिय निर्णय गरे। परिणामतः विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा कांग्रेसको नयाँ कार्य समिति गठन भयो। कांग्रेसमा विशेष महाधिवेशन पक्ष र विपक्षमा दुइटा स्पष्ट विभाजन देखा पऱ्यो। विवाद निर्वाचन आयोगसम्म पुग्यो र आयोगले थापा पक्षलाई कांग्रेसको आधिकारिकता प्रदान गऱ्यो। यद्यपि, त्यो निर्णय विवादरहित भने हुन सकेन र देउवा पक्ष आधिकारिकता दाबी गर्दै सर्वोच्च अदालत पुगेको छ।

विवादबिच अन्ततः गगन थापा र शेरबहादुर देउवा पक्षबिच दुईबुँदे सहमति बन्न पुग्यो। पहिलो, वर्तमान सभापति थापाको हस्ताक्षरबाट उम्मेदवारको टिकट वितरण गरिने गरियो। र दोस्रो, विशेष महाधिवेशनको वैधतामाथिको प्रश्नमा अदालतको निर्णयलाई दुवै पक्षले मान्ने। चुनावमा थापा पक्षको रणनीतिक योग्यता र देउवा पक्षको सहयोग कस्तो रहन्छ, त्यो भने चुनावको परिणामले देखाउने नै छ। किनकि, अन्तरघात विगतदेखि कांग्रेसका लागि सबैभन्दा ठुलो चुनौती र समस्या हो।

पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीले सुरुदेखि नै जेन-जी विद्रोहको अपनत्व स्वीकार गरेको हो। विभिन्न कम्युनिस्ट घटक तथा समूह र व्यक्तिको एकताबाट नेकपा बनेको छ। मध्यावधि निर्वाचनलाई घोषणादेखि स्वीकार र स्वागत गरेका दाहालले जेन-जी आन्दोलनलाई सम्भवतः सबैभन्दा पहिले विद्रोहको रूपमा स्वीकार गरे। जेन-जी विद्रोहको म्यान्डेटअनुसार पार्टीलाई परिमार्जन गरेको दाबी गरे पनि नीतिगत भ्रष्टाचारको मुद्दामा अदालतको आदेशमा ३५ लाख धरौटी बुझाएर थुनामुक्त भएका पूर्वप्रधानमन्त्री (जो निवर्तमान संसद्मा निलम्बित थिए र अब विजयी भएमा पनि स्वतः निलम्बनमा परी संसद् प्रवेश पाउनेछैनन्) माधव नेपाललाई दाहालपछिको सहसंयोजक बनाइएको छ। उनी पुरानै क्षेत्र रौतहटबाट चुनावी मैदानमा छन् र निर्णय नागरिकले गर्ने नै छन्। यो अनैतिक राजनीतिको ज्वलन्त उदाहरण हो।

> निर्वाचनको समयमा नेताहरूको बोलीमा समानता, न्याय, देशप्रेम, समृद्धि र विकासको नारा हुने भए पनि व्यवहारमा भ्रष्टाचार, नातावाद, जातिवाद र 'भालेवाद'को शासन चल्दै आएको देखिन्छ

विपक्षमा छ, नेकपा एमाले। जेन-जी विद्रोहका वेला एमाले अध्यक्ष केपी शर्मा ओली मुलुकका प्रधानमन्त्री थिए। ओलीको सट्टा अरू कोही प्रधानमन्त्री भएको भए त्यो विध्वंस, हत्या र विद्रोह हुँदैनथ्यो भन्ने एकथरीको बुझाइ छ। यसर्थ, त्यो राज्यआतंक, ७६ जनाको हत्या, राष्ट्रिय सम्पत्ति, सार्वजनिक र निजी सम्पत्तिमाथिको आक्रमण र क्षति आदिको मुख्य दोषी ओली नै हुन् भन्ने भाष्य तयार भएको छ। त्यति मात्रै होइन, कार्यकालअगावै पार्टीको महाधिवेशन गरेर करिब एकलौटी आफूपक्षीय पदाधिकारी र केन्द्रीय कमिटीसहित पुनः अध्यक्ष बनेका ओलीले महाधिवेशनबाट मूलतः दुई सन्देश दिन चाहे।

पहिलो, जेन-जी आन्दोलन एक आतंक थियो, जसमा भूराजनीतिको प्रभाव मात्रै होइन, योजनामै गरियो। सम्भवतः जेन-जी आन्दोलनलाई विद्रोह स्वीकार नगर्ने पहिलो र एक मात्र दल एमाले हो। दोस्रो, जेन-जी आन्दोलन सत्ताविरुद्ध होइन, एमालेविरुद्धको षड्यन्त्र थियो। माओवादी, रास्वपा आदि स्वदेशी र विदेशी शक्ति मिलेर ओली-देउवा सत्ता गठबन्धन विघटन गर्नु जेन-जी आन्दोलनको मुख्य उद्देश्य रहेको ओली र एमालेको निष्कर्ष छ। यसरी जेन-जी आन्दोलनको कारण आज मुलुक, राजनीतिक दल, नागरिक वा मतदाता, नयाँ र पुराना शक्तिबिचको संघर्ष, नागरिक चेतना र संविधानको दोहन वा असफलता आदिको अवस्था सिर्जना भएको छ। यदि मुलुकलाई दुई भागमा विभाजन गर्ने हो भने एक, जेन-जी आन्दोलनलाई राजनीतिक असन्तुष्टि, भरोसाहीनता र सत्ताको रक्त उन्मादविरुद्धको विद्रोह मान्ने पक्ष। स्मरणका लागि, वर्तमान सरकार र जेन-जी समूहबिचको सम्झौतामा समेत यो विषय समेटिएको छ।



यो पक्षमा कांग्रेस, नेकपा, रास्वपा, मधेशवादी दल आदि पर्छन्। दोस्रो, जेन-जी आन्दोलनलाई आतंक, विध्वंस र षड्यन्त्र मान्छ र विद्रोह स्विकार्दैन, अर्थात् त्यो हो केपी शर्मा ओली र एमाले। मूलतः यही दुई मुद्दाका आधारमा चुनावी जनमत विभाजित हुने देखिन्छ।

तेस्रो, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगर पालिकाका मेयर बालेन्द्र शाह (जो हाल रास्वपाका वरिष्ठ नेता र रास्वपाका तर्फबाट आगामी प्रधानमन्त्रीका सम्भावित उम्मेदवार घोषित भएका) हुन्। रास्वपाले विद्रोह स्विकारेको मात्रै होइन, विद्रोहमा प्रत्यक्ष सामेल भएका घटनाले पुष्टि गर्छ भने बालेन्द्रले अघोषित रूपमा विद्रोहको कमान्ड नै सम्हालेका हुन् भन्नेहरू पनि छन्। रास्वपाको राजनीतिक, वैचारिक दृष्टिकोण स्पष्ट छैन। तथापि, उसले पुराना दलका खराब वा असफल विगत र कुशासनलाई चुनावी मुख्य मुद्दा बनाएको छ।

नेपालको लोकतन्त्र, गणतन्त्र, संघीयता, संविधानवाद, स्वतन्त्रता, समानता र समावेशिता आदि उपलब्धिका आधार राजनीतिक दल नै हुन्। कांग्रेस र कम्युनिस्ट मिलेर यी उपलब्धि प्राप्त गरे। मुलुक अझै आर्थिक, सामाजिक समस्यामा छ। युवा पुस्तामा निराशा र आक्रोश बढेको छ र त्यसका जिम्मेवार निश्चय पनि पुराना दल नै हुन्। दलहरू उत्पीडित समुदायका हितकर छैनन्। बोलीमा समानता, न्याय, देशप्रेम, समृद्धि र विकासको नारा हुने भए पनि व्यवहारमा भ्रष्टाचार, नातावाद, जातिवाद र भालेवादको शासन चल्दै आएको छ। यी तमाम बेथितिविरुद्ध युवा आक्रोशित बन्नु स्वाभाविक छ। विडम्बना, कांग्रेसबाहेक अन्य पुराना दलले आफूलाई परिमार्जन गर्न सकेनन्। पुस्ता हस्तान्तरको मुद्दा नजरअन्दाज भए। ती दलका प्रगतिशील युवा जमातको यथेष्ट हस्तक्षेप पुगेन। यस्तो अवस्थामा नयाँ र ऊर्जाशील दलको नवउदय हुने सम्भावना रहन्छ। त्यसैले, रास्वपा, विशेषतः बालेन्द्र शाह, कुलमान घिसिङ, हर्क सामपाङ आदि र तिनका दलको पक्षमा जनलहर देखा परेको हो। परिणामतः उनीहरूका सभामा भिड लाग्ने गरेको हो।

लोकतन्त्रमा एक दलको विकल्प अर्को दल बन्नु स्वाभाविक हुन्छ। तर, रास्वपा वैचारिक हिसाबले कतै कुनै मुद्दा र प्राप्त उपलब्धिमा समेत प्रस्ट छैन। पार्टीको केन्द्रीय तह, पदाधिकारी आदिमा समावेशी प्रतिनिधित्व गर्न सकेको छैन। विभिन्न विवादमा मुछिएका सभापति रवि लामिछानेलगायत पहाडे, आर्य खस, पुरुषमा सर्वाधिकार बनाइएको दल कुन अर्थमा कति नयाँ र विशेष भयो ? यसको पनि लेखाजोखा गरिनुपर्छ। अतः सचेत र सभ्य नागरिकले विचार गर्नुपर्छ, नयाँ हुनु वा पुराना, दलका योग्य र प्रस्ट विचार भएका व्यक्तिलाई मात्रै आफ्नो जनप्रतिनिधि चुन्ने अठोट गरौं। अन्त्यमा समाजवादी नेता राममनोहर लोहियाको भनाइ स्मरण गर्दै लेख टुंग्याउँछु, 'हाम्रो शासक को बन्छ भन्ने यी तीन कुराले निर्धारण गर्छन्- उच्च जात, धन र ज्ञान। यीमध्ये जोसँग दुई चिज मात्रै छन् भने पनि उसले राज गर्नेछ।' कामना गरौं, लोहिया गलत साबित होऊन्।

---

३ प्रश्न

अर्थशास्त्री डा. **डिल्लीराज खनाल**लाई



**हाम्रो बजेटको आकार जहिल्यै मध्यावधि समीक्षामा किन घटाउनुपर्छ ?**

यो हाम्रो ठुलो रोग हो। हाम्रो बजेट तर्जुमा नै हचुवामा हुने गरेको छ। 'पपुलिजम'का लागि ठुलो आकारको बजेट देखाएर आफूलाई विकासप्रेमी देखाउने प्रयास सबैबाट गरिँदै आयो। 'रियलिस्टिक' बजेट बन्न नसक्नुको परिणाम हो यो। तर, जेजसरी संशोधन गरे पनि त्यही संशोधित बजेट पनि खर्च भएर त्यसको लक्ष्य हासिल भएको 'रेकर्ड' नै छैन। फेरि बजेट सार्वभौम संसद्को बहुमतबाट पारित हुन्छ, तर त्यसको आकार घटाउने कामचाहिँ अर्थ मन्त्रालयको एउटा कोठाभित्रको टेबलवरिपरि बसेर गरिन्छ। यसले लोकतान्त्रिक विधिकै उपहास गरिरहेको छ। बजेट कटौतीले गर्दा बजेट अभावमा आयोजना समयमै पूरा नहुने अवस्था आउँछ। त्यसैले, मध्यावधि समीक्षाका नाममा बजेट घटाउनु गलत छ। यसले आर्थिक विकृति र विसंगतिलाई बढावा दिन्छ।

**आकार घटाउनै नपर्ने गरी बजेट बनाउनचाहिँ सकिन्न ?**

मजाले सकिन्छ। बजेट तर्जुमा प्रक्रियामै वित्तीय सन्तुलनलाई ध्यानमा राख्नुपर्छ। खर्च गर्ने क्षमतालाई ध्यानमा राखेर बजेट ल्याउनुपर्छ। लोकप्रिय बन्न हचुवाका भरमा होइन, यथार्थमा आधारित बजेट ल्याउन सकेमा आकार घटाउनुपर्ने अवस्था आउँदैन।

**हाम्रो बजेटको सिलिङ नै बढी तोक्ने गरिएको त होइन ?**

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा राष्ट्र बैंकका गभर्नरसहितको स्रोत समिति छ। त्यसले बजेटका स्रोत सुनिश्चित गरी कहाँ, कसरी र कति खर्च गर्ने हो, त्यसको वस्तुपरक विश्लेषण गरेर बजेटको आकार निर्धारण गरिनुपर्ने हो। तर, बजेटको सिलिङ तोक्दा त्यसतर्फ खासै ध्यान दिएको देखिन्न। सुधारको खाँचो त्यहीं छ।

---

प्रेरक प्रसंग

## सिंह र दाउरे

एउटा गाउँको नजिकै स्वच्छ नदी कलकल बगिरहेको थियो। नदीकिनारमा घना जंगल थियो। जंगलमा अनेक चराचुरुंगी र जनावर थिए। गाउँ र आसपासको क्षेत्र स्वच्छ, सफा र हराभरा देखिन्थ्यो। एक दिन एकजना दाउरे जंगलबाट दाउरा काटेर घरतिर फर्किँदै थियो। बाटामा एउटा भोको सिंह भेटियो। सिंहले दाउरेसँग भन्यो- दाउरे दाइ, आज मैले बिहानदेखि कुनै सिकार भेटिनँ। म अहिलेसम्म भोकै छु। त्यसैले, अब तिमीलाई खाएर म आफ्नो भोक मेट्न चाहन्छु।



सिंहको कुरा सुनेर दाउरे आत्तियो। तैपनि, धैर्यपूर्वक उसले भन्यो- सिंह भाइ, मलाई खाएर तिम्रो भोक मेटिन्छ भने मलाई कुनै आपत्ति छैन। तर, तिमीले खानुअघि मलाई एकपटक घर जान दिनुपर्छ। घरमा मेरी बिरामी पत्नी र बालिका छोरी भोकै छन्। म यो दाउरा बजारमा लगेर बेच्छु र त्यसबाट केही खानेकुराको व्यवस्था गरेर उनीहरूको भोक मेटाउँछु। अनि मात्र म तिमीकहाँ आउँछु। त्यतिन्जेल तिमी मलाई पर्खिराख।

दाउरेका कुरा सुनेपछि हाँस्दै सिंहले भन्यो- तिमीले मलाई मूर्ख ठानेका छौ कि के हो ? यहाँबाट फुत्किसकेपछि फेरि तिमी मेरो आहारा बन्न यहीँ फर्किन्छौ भनेर कसले विश्वास गर्छ ? दाउरेले सिंहलाई विश्वास दिलाउँदै भन्यो- हेर म साँचो बोल्दै छु। यदि तिमीले मलाई अहिले जान दिएनौ भने म त मर्छु नै, साथमा मेरी बिरामी पत्नी र बालिका छोरी पनि मर्छन्। त्यसैले, मलाई अहिले जान देऊ, म अवश्यै फर्किनेछु।

दाउरेको अनुनय सुनेपछि सिंहलाई दया लाग्यो। उसले दाउरेलाई जान दियो। दाउरे बजार पुग्यो। दाउरा बेच्यो। खानेकुरा किन्यो र घर पुग्यो। उसले बिरामी पत्नी र बालिका छोरीलाई खाना खुवायो। उनीहरूको पेट भरिसकेपछि ऊ चुपचाप घरबाट निस्कियो र सिंह भएको ठाउँमा पुग्यो।

यसरी दाउरे इमानदार बनेर आफ्नो आहारा बन्न लुरुलुरु आएको देख्दा सिंह छक्क पऱ्यो। उसलाई दाउरेको इमादारी देख्दा दया लाग्यो। उसले भन्यो- दाउरे दाइ, तिमी साँच्चै वचनका पक्का रहेछौ। यति इमानदार मान्छेलाई मारेर भोक मेट्नु छैन मलाई। जाऊ तिमीलाई मैले छाडिदिएँ। सिंहको कुरा सुनेपछि दाउरे उसलाई धन्यवाद दिएर घरतिर फर्कियो।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## फर्जी उद्धारकलाई कारबाही गर

अस्पताल र रेस्क्यु कम्पनीको मिलेमतोमा झन्डै तीन अर्ब ठगी गरेको विषय यतिखेर निकै चर्चामा छ। सिआइबीले गरेको अनुसन्धानबाट नक्कली कागजात बनाएर, पर्यटकको नक्कली रेस्क्यु गरी बिमा रकम असुलेको विषयले नेपाली पर्यटन क्षेत्रमै कालो धब्बा लगाएको छ। यस विषयमा गम्भीर अनुसन्धान गरी त्यसमा संलग्न सबैलाई कानुनको कठघरामा उभ्याई तिनलाई कसुरअनुसारको सजाय दिलाउन ढिलो गर्नु हुँदैन। फर्जी उद्धारकलाई समयमै कारबाही गरिएन भने नेपालको पर्यटन क्षेत्र, यहाँको स्वास्थ्य क्षेत्र र यहाँको हवाई उद्धार कम्पनीमाथि कसैले पनि विश्वास गर्नेछैन। त्यस्तो अवस्था आएमा त्यसको सबैभन्दा ठुलो नकारात्मक असर पर्यटन क्षेत्रमै पर्ने हो। त्यसैले, यस विषयमा सबैले गम्भीर भई दोषीलाई कारबाही गराउने दिशामा काम गर्नुपर्छ।

● **वन्दना कुइँकेल**, झोर, काठमाडौं

## झुटा आश्वासन किन दिन्छौ ?

२१ फागुनको निर्वाचन नजिकिँदै छ। उम्मेदवारहरू मतदाताको घरआँगनमा मत माग्न व्यस्त छन्। तर, मत माग्ने क्रममा उम्मेदवारले मतदातालाई दिने आश्वासन हेर्दा भने ती अधिकांश झुटा देखिन्छन्। किनकि, तिनले यसअघिका निर्वाचनमा जे-जस्ता आश्वासन दिएका थिए, ती पूरा भएनन् र अहिले पनि उनीहरू तिनै बासी आश्वासन दिएर मतदातालाई झुक्याउन खोजिरहेका छन्। के निर्वाचनमा पूरा हुन सक्ने मात्र आश्वासन दिन सकिन्न ?

● **गौरव स्याङ्तान**, सामाखुसी, काठमाडौं

## घोषणापत्र कहिले आउँछ ?

२१ फागुनको निर्वाचन आउन अब धेरै दिन बाँकी छैन। दलहरू निर्वाचन प्रचार प्रसारको चटारोमा देखिन्छन्। उम्मेदवार घरदैलोमा व्यस्त छन्। तर, कैयौं दलहरूले अझै पनि घोषणापत्र सार्वजनिक गरेका छैनन्। कतिपय दलले घोषणापत्र ल्याए पनि ती पुरानै ढर्रा र पुरानै उडन्ते कथाले भरिएका देखिन्छन्। के राजनीतिक दलले घोषणापत्रमा लेख्ने नयाँ र अर्थपूर्ण नारा या मुद्दा केही नपाएकै हुन् त ?

● **सुमना बुढा**, सतुंगल, काठमाडौं

## भक्तजन व्यवस्थापनमा सुधार गर

हाम्रो देशको धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको पशुपतिनाथ मन्दिर छिमेकी भारत र विश्वभरका हिन्दुको पनि आस्थाको केन्द्र हो। विशेष पर्वबाहेक पनि हरेकजसो दिनमा यहाँ भक्तजनको ठुलै भिडभाड लाग्छ। अझ शिवरात्रि पर्वको दिन हुने भक्तजनको भिडका त यहाँ चर्चा गरिरहनैपर्दैन। हरेक वर्ष शिवरात्रि पर्वमा नेपाल, भारतलगायत विभिन्न देशका हिन्दु धर्मावलम्बीको ठुलो समूह पशुपतिनाथको दर्शन गर्न पुगिरहेको हुन्छ। त्यसैले, सो पर्वको तयारीमा जुटेको पशुपति क्षेत्र विकास कोष तथा आयोजक समितिका पदाधिकारी तथा सदस्यले ती भक्तजनको व्यवस्थापन तथा विनाकुनै धक्कामुक्की सजिलै पशुपतिनाथको दर्शन गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाउन जरुरी छ।

शिवरात्रिमा सर्वसाधारण भक्तजन मात्र नभई स्वदेश तथा विदेशबाट समेत साधु, बाबासमेतको आगमन हुन्छ। नागा बाबाको समेत आगमन यस पर्वमा हुने गरेको छ। पशुपति विकास कोष र व्यवस्थापन समितिले नागा बाबाको बसोवासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। उनीहरूले अलग्गै राखेर मन्दिरको दर्शन गर्ने र मन्दिरभित्र भन्दा बाहिर राख्ने व्यवस्था मिलाए सम्पूर्ण भक्तजनलाई मन्दिर दर्शन गर्न सहज हुने थियो। विशेषगरी महिला र बालबालिकाले समेत यस दिन भगवान् पशुपतिनाथको दर्शन गर्ने हुनाले मन्दिरपरिसरभित्र नागा बाबालाई खुला अवस्थामा राख्दा यसले केही नकारात्मक प्रभाव पार्न पनि सक्छ। यसतर्फ पनि कोष र समितिले ध्यान दिनु जरुरी देखिन्छ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth65@gmail.com

---

# बंगलादेशमा पहिलेभन्दा किन महत्त्वपूर्ण छ यो चुनाव ?

## बंगलादेशका लागि यो चुनाव केवल अर्को राजनीतिक प्रतिस्पर्धा मात्र होइन, सम्पूर्ण आशाको प्रकटीकरण पनि हो



देश/विदेश

● आशा मेहरिन अमिन

हाम्रो मनमा धेरै अनिश्चितता र गहिरो शंका भए पनि यसपटक मतदान गर्ने उत्साह अपरिहार्य थियो। यो अन्य चुनावभन्दा फरक छ र निश्चित रूपमा २०१४, २०१८ र २०२४ मा हामीले देखेका एकतर्फी, योजनाबद्ध चुनावजस्तो होइन, जहाँ मतपरिणाम पहिल्यै तय गरिएको हुन्थ्यो। यसपटक, वास्तविक प्रतिस्पर्धा छ।

यस चुनावमा, हामीले जमात-ए-इस्लामीको पुनरागमन देखिरहेका छौं, जुन पार्टीले १९७१ को कलंकका बाबजुद पछिल्लो समय उल्लेखनीय समर्थन प्राप्त गरेको छ। जुलाईको विद्रोहबाट जन्मिएको र अहिले जमातसँग गठबन्धन भएको नयाँ राजनीतिक दल नेसनल सिटिजन पार्टी (एनसिपी) को उदयले जटिलता थपेको छ। लामो समयदेखि दमनमा परेको बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) पनि दुई प्रिय नेताहरूको विरासत लिएर उदाउँदै छ। १७ वर्ष विदेशमा बस्न बाध्य पारिएपछि फर्किएका तरिक रहमानको नेतृत्वमा बिएनपी भावी सरकारको नेतृत्व गर्ने दाउमा छ। अबामी लिग (एएल) को पूर्ण अनुपस्थितिले पनि बिहीबारको चुनावलाई अन्यभन्दा पृथक् बनाएको छ।

यस चुनावको नतिजाले जनताको जुलाईको आकांक्षा धार्मिक दक्षिणपन्थी वा व्यावहारिक मध्यममार्गमध्ये कता झुकाव छ भन्ने प्रकट गर्नेछ। महिला, युवा मतदाता र परम्परागत अबामी लिगका मतदाताको ठुलो संख्या स्विङ मतदाता भएकाले नतिजा स्पष्ट रूपमा अनुमान गर्न सकिने अवस्था छैन। जनवरी २०२४ को अवश्य पनि हामीमध्ये धेरैले मतदान गर्ने चिन्ता गरेनौं। त्यसपछि जुलाई क्रान्ति सुरु भयो र हामीले अविश्वास र विस्मयसाथ हेर्‍यौं कि कसरी धेरै दशकअघिका आफ्ना पूर्ववर्तीजस्तै सयौं निहत्था विद्यार्थीले निर्दयी शासनविरुद्ध अडान लिए।

आफ्ना जनतासँगको सबै सम्बन्ध गुमाएर र सत्तामा टाँसिन डर, दमन र तिकडम रोजेकी एक तानासाहलाई चुनौती दिन विश्वविद्यालयका आवासीय हलमा रहेका महिलाले पहिलो कदम चालेका थिए। फेरि, छात्र लिगका गुन्डाद्वारा निर्दयी रूपमा कुटपिट गरिएका महिला विद्यार्थी नै थिए, जसले आन्दोलनको पहिलो झिल्को प्रज्ज्वलित गऱ्यो र साधारण देखिने कोटाविरोधी आन्दोलनलाई धेरै परिणामकारी रूपान्तरण गऱ्यो। अनि जब अविश्वासले भरिएको अनुहारसहित अबु सइद हात फैलाएर उभिए, छातीमा गोली लागेर उनी भुइँमा ढले। पहिलो सहिद बनेसँगै आन्दोलनले ठुलो गति लियो, जब हजारौंले क्रोध र शोकमा सडकमा मार्च गरे। विद्यार्थीले आन्दोलनको नेतृत्व गरे र मानिसले पछ्याए। जब युवा प्रदर्शनकारी सरकारी कर्फ्युको अवज्ञा गर्दै अगाडि बढे, उनीहरूको साहस अबु सइदको भावनाले उत्प्रेरित भयो। आन्दोलनमा करिब १४ सय जनाले ज्यान गुमाए भने हजारौंको अंगभंग भयो।

त्यसपछि, अगस्ट ५, २०२४ मा असम्भव कुरा भयो। दमनकारी शासक हसिना भागिन् र देश उनको क्रूर शासनबाट मुक्त भयो। जीवनका सबै क्षेत्रका मानिसको उत्सव स्वस्फूर्त थियो, हामीले फेरि सपना देख्ने साहस गर्‍यौं। जब प्रोफेसर मुहम्मद युनुसले विद्यार्थीको आह्वानको जवाफ दिए र नागरिक समाजका सदस्य र विद्यार्थी प्रतिनिधिको अपरम्परागत मन्त्रिपरिषद् गठन भयो, तब वास्तविक परिवर्तन आउँदै छ भन्ने अपेक्षा गरियो। हामीलाई बाँध्ने बन्धनहरू चुँडिएजस्ता देखिए। जबर्जस्ती बेपत्ता पारिएका पीडितलाई मुक्त गरियो र



अधिल्लो शासनद्वारा लामो समयदेखि बन्दी बनाइएका राजनीतिक बन्दीलाई रिहा गरियो।

तर, फेरि अराजकता सुरु भयो किनकि सडकहरू विरोध प्रदर्शनको रणभूमिमा परिणत भए। धेरैजसो अवस्थामा आगो निभाउन संघर्ष गरिरहेको सरकार झुक्न बाध्य भयो। हामी उनीहरूको अवस्था बुझिरहेका थियौं। हामीले धैर्य गर्ने निर्णय गर्‍यौं।

जुलाईमा भएका सबै हत्या र गोलाबारीमा दोषीलाई सजाय दिनुपर्ने आवाज बढ्यो। यद्यपि, न्याय प्रक्रिया विचलित, छनोटपूर्ण, पक्षपाती र सबैभन्दा ठुलो आवाज भएकाहरू र सबैभन्दा ठुला भिडद्वारा निर्धारित भयो। मोबोक्रेसी अर्थात् केही हदसम्म भिडले शासन गऱ्यो। विश्वविद्यालय, विद्यालय, मिडिया हाउस र कर्मचारीतन्त्रदेखि विभिन्न नियुक्तिमा भिडको प्रभाव देखियो। धार्मिक भावनामा चोट पुऱ्याएको वा चोरीको शंका गरिएका आधारमा कसलाई कुटपिट गर्ने वा जलाउन योग्य छ भन्ने निर्णयसम्म भए। राज्य प्रायः मूकदर्शक बन्यो। कम मनोबल भएका कानुन प्रवर्तनकर्ता प्रभावहीन देखिए, जसले गर्दा अराजकता र क्रूर अपराध बढ्दै गए।

तथाकथित फासीवादी तत्त्वलाई दण्डित गर्न कानुनी संयन्त्रलाई अन्धाधुन्ध र व्यापक रूपमा प्रयोग गरियो, परिणामस्वरूप विरोधी राजनीतिज्ञ र पत्रकारलाई असंख्य मुद्दा लगाइयो र जेल हालियो, उनीहरूको जमानत अस्वीकार गरियो। तीमध्ये धेरैलाई भ्रष्टाचारको आरोप लगाउन सकिन्थ्यो, तर उनीहरूलाई प्रदर्शनकारीको हत्या गरेको आरोप लगाइयो, जुन आरोप उचित प्रक्रिया सुनिश्चित गरिएको खण्डमा अदालतमा प्रमाणित गर्न धेरै कठिन हुने थियो। सरकारी संयन्त्रको यस्तै कमजोरीका कारण वास्तविक दमनकारी (सेख हसिनाका नजिकका व्यक्तिहरू) महिनौं लुकेर भागे।

अन्तरिम सरकार निरन्तरको सडक प्रदर्शन र विद्यार्थी समूहको धक्काबाट प्रभावित भयो। महिला, अल्पसंख्यक र आदिवासी समुदाय, बेरोजगार, गरिबले भने अलपत्र परेको महसुस गरेका छन्। यद्यपि, विगत १८ महिनामा केही उल्लेखनीय उपलब्धि भएका छन्- बैंकिङ अनुशासन, विदेशी मुद्रा भण्डार र स्वतन्त्र न्यायपालिका गठन गर्न अध्यादेश जारी भएका छन्।

त्यसैले, यो चुनाव केवल अर्को राजनीतिक प्रतिस्पर्धा मात्र होइन। यो हाम्रा सम्पूर्ण आशाको प्रकटीकरण पनि हो। जुलाई विद्रोहको समयमा हामीले यति हतास भएर खोजेका आकांक्षालाई प्रतिबिम्बित गर्दै भविष्य सुरक्षित गर्न सक्ने अन्तिम कार्डको प्रतिनिधित्व गर्नेछ, यो निर्वाचनले।

*(बंगलादेशको डेली स्टारका लागि अमिनको आलेख)*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# अमेरिकाको दबाबका बाबजुद भारतलाई गाह्रो छ रुसी तेल आयात घटाउन

## भारतीय रिफाइनरीलाई कम मूल्यका कारण तत्काल रुसी तेलको विकल्प फेला पार्न गाह्रो पर्नेछ

भखरै भारत-अमेरिकाबिच सम्पन्न व्यापार सम्झौताअनुरूप भारतले रुसी कच्चा तेल आयात बन्द गर्ने भनिएको छ। तर, वास्तविकता हेर्ने हो भने आयातमा तत्काल कुनै ठुलो परिवर्तन हुने सम्भावना भने छैन। बजार विश्लेषकले यदि स्रोत परिवर्तन नै गर्ने हो भने पनि यो बिस्तारै हुने बताएका छन्। अर्थात्, यो कार्य राजनीतिक वाचाभन्दा पनि व्यावसायिक लाभमा आधारित हुनेछ।

यसै साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसियल नामक सामाजिक सञ्जालमार्फत भारतसँग सम्झौता घोषणा गर्दै नयाँदिल्लीले रुसबाट तेल किन्न बन्द गर्ने बताएका थिए। भारतले अब रुसको सट्टा अमेरिका र भेनेजुएलाबाट तेल खरिद गर्ने पनि ट्रम्पले त्यसै पोस्टमार्फत जानकारी गराएका छन्। यद्यपि, ऊर्जा क्षेत्रका विश्लेषकहरू भने रुसी तेल भारतको रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा अत्यन्त महत्त्वपूर्ण भएको औंल्याउँछन्।



● उदित बब्ना

*लेखक केपिएमजी इन्टरनेसनका पूर्वम्यानेजर तथा एड्टेकका संस्थापक तथा अधिवक्ता हुन्।*

विश्वव्यापी व्यापार गुप्तचरसम्बन्धी फर्म केप्लरका रिफाइनिङ र मोडलिङ शाखाका प्रमुख विश्लेषक सुमित रिटोलियाले पनि आगामी ८ देखि १० साताका लागि रुसी तेल आयात गर्ने तय भइसकेको बताउँदै भारतको जटिल रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा यो महत्त्वपूर्ण रहने बताए। यसको कारण आइसई ब्रेन्टको तुलनामा युराल तेलमा प्राप्त हुने उलेखनीय छुट रहेको उनको तर्क थियो।

रिटोलियाको अनुमानमा सन् २०२६ को पहिलो त्रैमासिक, जनवरीदेखि मार्चसम्म र दोस्रो त्रैमासिकको सुरुवात अर्थात् अप्रिलदेखि जुनसम्मका लागि भारतमा रुसी तेलको आयात प्रतिदिन ११ लाखदेखि १३ लाख ब्यारेलमा स्थिर रहनेछ। यसको अर्थ व्यापार सम्झौताले तुरुन्तै रुसबाट तेलको मात्रा घटाउनेछैन। केप्लरको तथ्यांकले जनवरी २०२६ मा भारतले रुसबाट प्रतिदिन लगभग ११.६ लाख ब्यारेल कच्चा तेल आयात गरेको देखाउँछ। यो भारतले त्यस महिना विश्वभरबाट गरेको कुल तेल आयातको लगभग २२ प्रतिशत हिस्सा थियो। भारतले तेल आयात गर्ने देशमा रुसपछि इराक छ, जहाँबाट उसले २० प्रतिशत तेल किनेको थियो। त्यसपछि क्रमशः साउदी अरेबियाबाट १५ प्रतिशत, संयुक्त अरब इमिरेट्स (युएई)बाट आठ प्रतिशत र संयुक्त राज्य अमेरिकाबाट ६ प्रतिशत थियो।



भखरै भारत-अमेरिकाबिच सम्पन्न व्यापार सम्झौताअनुरूप भारतले रुसी कच्चा तेल आयात बन्द गर्ने भनिएको छ। तर, वास्तविकता हेर्ने हो भने आयातमा तत्काल कुनै ठुलो परिवर्तन हुने सम्भावना देखिन्न।

### ■ अमेरिकालाई सीमित फाइदा, रुसको स्थान लिन कठिन

रुसी तेलमा अचानक कटौती गर्नुको सट्टा भारतले बिस्तारै आफ्नो आयात गर्ने स्रोत विविधीकरण गर्ने रिटोलिया विश्वास गर्छन्। यस विविधीकरणबाट सबैभन्दा बढी लाभ अमेरिकालाई हुनेछ। उनका अनुसार भारतले अमेरिकाबाट किन्ने तेलको हिस्सा बढाएर करिब १० प्रतिशतसम्म पुऱ्याउन सक्छ। यो वृद्धिले मुख्यतया पश्चिम अफ्रिकाबाट भारत आउने तेललाई प्रतिस्थापन गर्नेछ, रुसी तेल होइन।

आइसिआरए लिमिटेडका वरिष्ठ उपाध्यक्ष प्रशान्त वशिष्ठ पनि अमेरिकाबाट भारत आउने तेल बढ्ने भए पनि यसको स्तरको अन्तिम निर्णय व्यावसायिक फाइदाले निधारण गर्ने बताउँछन्। भारतीय तेल प्रशोधनकर्ताहरू मूल्य र नाफालाई विचार गरेपछि मात्र आफ्नो आपूर्ति स्रोत परिवर्तन गर्छन्। राजनीतिज्ञले घोषणा गरेकै आधारमा मात्र भारतीय प्रशोधनकर्ताले निश्चित देशबाट बढी तेल किन्ने सम्भावना छैन,' वशिष्ठले भने। अमेरिकी तेल खरिदको एउटा प्रमुख चुनौती भनेको ढुवानी लागत हुनेछ। वशिष्ठको अनुमानअनुसार अमेरिकी तट वा भेनेजुएलाबाट भारतमा तेल ल्याउन प्रतिब्यारेल २.५ डलर देखि ३.५ डलरसम्म खर्च लाग्छ। यो खर्च कहिलेकाहीं बढेर चार डलरसम्म पुग्छ। जबकि, पश्चिम एसियाबाट कच्चा तेल ढुवानी गर्दा प्रतिब्यारेल जम्मा ४० सेन्टदेखि ७० सेन्टसम्म लाग्छ।

### ■ भेनेजुएलाको तेल आयात सम्भव छ, तर सीमितता छन्

अमेरिकासँगै भेनेजुएलालाई सम्भावित आपूर्तिकर्ताको रूपमा पनि पेस गरिएको छ, विशेषगरी भारी ग्रेडको तेल प्रशोधन गर्न सक्ने भारतीय रिफाइनरीका लागि। वशिष्ठका अनुसार भेनेजुएलाको कच्चा तेल धेरै भारी र उच्च सल्फरयुक्त छ। त्यस्तो कच्चा तेललाई विश्वका धेरै कम प्रशोधनकर्ताले मात्र प्रशोधन गर्न सक्छन्। त्यस्ता कम प्रशोधनकर्तामध्येमा पर्छ, रिलायन्स इन्डस्ट्रिजले चलाइरहेका भारतीय रिफाइनर।

भारतले गर्ने तेल आयातमा भेनेजुएली तेलको हिस्सामा खासै वृद्धि भएको छैन। भेनेजुएलाबाट पछिल्लोपटक मे २०२५ मा भारतमा तेल आइपुगेको थियो। ती प्रायः सबै रिलायन्सले नै मगाएको थियो। तथापि, रोयटर्सका अनुसार रिलायन्सले अहिले फेरि भेनेजुएलाबाट २० लाख ब्यारेल तेल खरिद गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ। तथापि, यसको समयसीमा भने नखुलाइएको रोयटर्सले जनाएको छ।

दूरीका कारण भेनेजुएलाको तेलको ढुवानी चुनौतीपूर्ण रहेको र यसले दीर्घकालीन रूपमा असर गर्ने वशिष्ठले बताए। भेनेजुएलाको तेल आयात बढाउने हो भने त्यसको ढुवानी लागतको भर्पाई हुने गरी कम मूल्यमा उपलब्ध हुनुपर्ने वशिष्ठले बताए। अर्को चुनौती भेनेजुएलाको उत्पादन क्षमता आफैंमा रहेको छ। भेनेजुएलाको उत्पादन क्षमता प्रतिदिन लगभग नौ लाख ब्यारेल छ। उत्पादन बढाउन महत्त्वपूर्ण लगानी आवश्यक पर्नेछ, जसमा धेरै वर्ष लाग्न सक्छ। यसको अर्थ भेनेजुएलामाथि अमेरिकी प्रतिबन्ध हटे पनि यसको तेल निर्यात निकट भविष्यमै बढ्न सक्दैन।

### ■ रुसबाट आयात घट्ला, पूरै हट्नेछैन

जनवरीमा रुसबाट भारतको तेल आयातमा थप गिरावट आयो, जुन डिसेम्बरदेखि नै सुरु भएको गिरावटको निरन्तरता थियो। यस गिरावटमा आंशिक रूपमा गत वर्ष नोभेम्बर २१ देखि रुसी कम्पनी रोसनेफ्ट र लुकोइलमाथि लागू अमेरिकी प्रतिबन्ध जिम्मेवार छ। केप्लरको तथ्यांकअनुसार जनवरी २०२६ मा रुसबाट भारत आउने कच्चा तेल नोभेम्बर २०२५ मा प्रतिबन्ध सुरु भएकोभन्दा ३७ प्रतिशतले घटिसकेको छ। रिटोलियाका अनुसार यो परिणाम २०२२ को अन्त्यदेखि रुसबाट भारतले गरेको सबैभन्दा कम तेल आयात थियो। तर, उनले जोड दिए कि यो गिरावट 'अस्थायी खरिद समायोजन मात्र हो, रुसी तेलको खरिद अहिलेका लागि पूरै हट्नेछैन।'

भारतीय रिफाइनरीलाई कम मूल्यका कारण रुसी तेलको ठुलो मात्रामा विकल्प फेला पार्न गाह्रो पर्नेछ। रिटोलियाका अनुसार युरालको तेल अझै पनि ब्रेन्टको तुलनामा महत्त्वपूर्ण छुटमा भारत आइरहेको छ। यसले गर्दा यो तेल अझै पनि 'भारतको रिफाइनिङ प्रणालीका लागि आर्थिक रूपमा महत्त्वपूर्ण' नै देखिन्छ। भारत सरकारले 'स्पष्ट नीति परिवर्तन' गरे मात्र थप कटौती सम्भव छ। तर, ऊर्जा सुरक्षा चिन्तालाई ध्यान दिँदा यो गाह्रो देखिन्छ। युरालललाई प्रायः रुसी तेलका लागि बेन्चमार्क मानिन्छ। यो युराल र भोल्गा क्षेत्रमा उत्पादन हुने भारी, उच्च-सल्फरयुक्त तेल र साइबेरियाबाट उत्पादन हुने हल्का तेलको मिश्रण हो।

**द प्रिन्टबाट**

## इतिहासमा आज




**सन् १६८९** : राजाको शक्तिलाई नियन्त्रण गर्ने 'इंग्लिस विल अफ राइट्स' इंग्ल्यान्डको संसद्बाट पारित भयो। राजा जेम्स द्वितीयको निरंकुशताविरुद्ध उठेको 'गौरवशाली क्रान्ति'को माग सम्बोधन गर्ने गरी विधेयक पारित भएको थियो।

**सन् १६३३** : पृथ्वी सूर्य वरिपरि घुम्छ भन्ने खोज सार्वजनिक गरेपछि त्यतिवेलाको शक्तिशाली चर्चमा परेको मुद्दा खेप्न ग्यालिलियो ग्यालिली रोम आइपुगे।

**सन् १६६८** : स्पेनले औपचारिक रूपमा पोर्चुगलको स्वतन्त्रतालाई स्वीकार गऱ्यो।

**सन् १८१५** : निरन्तर अस्तित्वमा रहेको विश्वको सबैभन्दा पुरानो बहस-समाज 'क्याम्ब्रिज युनियन सोसाइटी' यसै दिन स्थापना भएको थियो।

**सन् १८६७** : बेल्जियमको राजधानी ब्रसेल्स भएर बग्ने सिन नदीको दुर्गन्ध सहन नसकिने भएपछि माथिबाट छोप्न थालियो। त्यही भागमा अहिले ब्रसेल्सको मख्य केन्द्रीय मार्ग अवस्थित छ।

**सन् १९०७** : महिलाले पनि मताधिकार माग गर्दै महिला समूहका ४०० जनाले ब्रिटिस संसद् प्रवेश गर्ने प्रयास गर्दा ५६ जना पक्राउमा परे।

**सन् १९६०** : फ्रान्सले आफ्नो उपनिवेश अल्जेरियामा अवस्थित साहारा मरुभूमिमा ७० किलोटनको पहिलो आणविक बम 'जरब्वाज ब्लो'को सफल परीक्षण गऱ्यो। योसँगै फ्रान्स अमेरिका, सोभियत संघ र बेलायतपछि विश्वको चौथो आणविक अस्त्र सम्पन्न मुलुक बन्यो।

**सन् १९७४** : रुसी उपन्यासकार अलेक्ज्यान्डर सोल्झेनित्सीको सोभियत नागरिकता खोस्दै देश निकाला गरियो। अघिल्लो वर्ष पेरिसबाट कम्युनिस्ट पार्टीविरोधी 'द गुलाग आर्किपेलागो' प्रकाशित गरेपछि उनीविरुद्ध मुद्दा चलेको थियो। निर्वासित भएपछि उनले पश्चिम जर्मनीको शरण लिए।

**सन् १९८४** : युरी एन्ड्रोपोभको निधनपछि सोभियत संघको सत्तारुढ कम्युनिस्ट पार्टीको सातौं महासचिवमा कोन्स्टानटिन चेर्नेन्को निर्वाचित भए। श्वासप्रश्वाससम्बन्धी दीर्घरोगी कोन्स्टानटिन पनि एक वर्षपछि नै बिते।

**सन् २०१८** : विभिन्न भ्रष्टाचार मुद्दाको आरोप लागेका दक्षिण अफ्रिकाका राष्ट्रपति ज्याकोब जुमालाई उनको पार्टी 'अफ्रिकन नेसनल कंग्रेस'ले राजीनामा दिन निर्देशन दियो ( भोलिपल्ट उनले राजीनामा दिए।)

# बंगलादेशमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न

**ढाका**/ बंगलादेशमा बिहीबार आमनिर्वाचन सम्पन्न भयो। निर्वाचनबाट ३५० सांसद चुनिनेछन्। तीमध्ये ३०० सिट प्रत्यक्ष र ५० जना महिला दलले प्रत्यक्ष मतदानमा पाएको मतका आधारमा चुनिनेछन्। यसपटकको निर्वाचनमा संसद्का साथै संविधान संशोधन गर्ने प्रस्ताव गरिएको एक बडापत्रलाई स्वीकार गर्ने कि नगर्ने भन्ने प्रश्नमा जनमतसंग्रह पनि गरिएको छ।

सांसद चयनका लागि सेतो रंगको मतपत्र र जनमतसंग्रहका लागि गुलाबी मतपत्र प्रयोगमा ल्याइएको थियो। मतपत्र प्रायः शान्तिपूर्ण नै रह्यो। बिहान साढे सातबाट सुरु भएको मतदान साझ चार बजेसम्म चलेको थियो।



तथापि, चार बजेपछि पनि मतदान केन्द्रमा रहेका मतदातालाई मत हाल्न दिइएको अधिकारीले बताएका छन्। मतदान सकिएको केही घन्टापछि नै मतगणना सुरु भइसकेको छ। यसपटकको चुनावमा बंगलादेश नेसनलिस्ट पार्टी(बिएनपी) र जमात-ए-इस्लामीलाई प्रमुख प्रतिद्वन्द्वी मानिएको छ।

चुनावी प्रचारदेखि मतदानको दिनसम्म पनि दुई देशका उम्मेद्वारबिच विशेष प्रतिद्वन्दिता देखियो। खुलनाको मतदान केन्द्रमा जमातसँगको झडपमा एक बिएनपी नेता नै मारिएका छन्। धकेलाधकेलका क्रममा जमात पक्षधरले बलपूर्वक धकेल्दा मृतक नेतालाई नजिकको रुखमा ठक्कर लागेर गम्भीर चोट लागेको बिएनपी पक्षधरले दाबी गरेका छन्। मृतक बिएनपीका खुलना सहर एकाइका पूर्वसचिव ५५ वर्षीय मोहिबुज्जमान कोची रहेको अधिकारीले बताए।

घटना बिहीबार बिहान ८:१० बजे खुलना सदरको आलिया मदरसा मतदान केन्द्रमा भएको थियो।


## कर्णाली डिष्टिलरी प्रा. लि., खजुरा, नेपालगंज

**यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८२/११/०१ देखि निम्न बमोजिम मुल्यमा विक्रि गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ । यसमा उल्लेखीत सबै तहका कमिशनहरुमा मु.अ.कर समाबेश छ ।**

| Brand | U. P. | Size | Dealers | | Wholesalers | | Retailers | | Consumers Price | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Price | Comm. | Price | Comm. | Price | Comm. | Per C/S | Per Bott. |
| 2007 Premium / Wonder 17 | 70 | 300 ML | 1,319.84 | 70.06 | 1,389.90 | 31.64 | 1,421.54 | 768.46 | 2,190.00 | 73.00 |
| Karnali Deluxe / Sitara | 70 | 300 ML | 1,165.03 | 59.89 | 1,224.92 | 31.64 | 1,256.56 | 723.44 | 1,980.00 | 66.00 |
| Karnali Special/Resham | 70 | 300 ML | 1,165.03 | 59.89 | 1,224.92 | 31.64 | 1,256.56 | 723.44 | 1,980.00 | 66.00 |
| Karnali Sofi / Takkar | 70 | 300 ML | 1,125.48 | 50.85 | 1,176.33 | 31.64 | 1,207.97 | 292.03 | 1,500.00 | 50.00 |



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
धुलिखेल, काभ्रेपलाञ्चोक

**'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम' का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/०१**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम' सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को **अनुसूची-२ को ढाँचामा आवेदन तथा अनुसुची-४ मा उल्लेखित क्षेत्रहरुमध्येबाट विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि तयार गरिएको विस्तृत योजना र तोकिएका कागजातहरु** संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/११/१५ सम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र कार्यविधिको दफा ३ बमोजिमका शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको वेवसाइट **https://sdokavre.bagamati.gov.np/** हेर्न सकिनेछ।

**कार्यालय प्रमुख**



नेपाल सरकार
स्वास्थ्य तथा जनसँख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
**पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा**
**बोलपत्र छनौटको आशयको सूचना**
**प्रकाशित मिति : २०८२/११/०१**

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८२/०८/१२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट गर्ने निर्णय भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न | ठेक्का नंवर / खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगना | स्वीकृत आइटम नं | कबोल अंक (भ्याट, बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | PoAHS/G/NCB-21/2082-83 Procurement of Medical Equipment For Obstetric/ Gyane Department | श्री Bikash Surgical Concern Pvt Ltd, Bhaktapur | 2-4 | १५,६२,२३०/- | सारभुत रुपमा प्रभावग्राही बोलपत्र |
| | | सारभुत रुपमा प्रभावग्राही नरहेको : आइटम नं १ | | | |
| 2 | PoAHS/G/NCB-22/2082-83 Procurement of HD Video Bronchoscopy System | श्री Himalayan Medical Technologies Pvt Ltd, Kathmandu | | ६९,५१,८१८.५८ /- | सारभुत रुपमा रभावग्राही बो लपत्र |
| 3 | PoAHS/G/NCB-23/2082-83 Procurement of Binocular Microsocope | श्री Asian Global Trading Pvt Ltd, Kathmandu | | ४८,१८,०००/- | |

**निर्देशक**



**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**गैर बैंकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान**

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैंकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमशः ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा । |
| २. | धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमशः ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा । |
| ३. | रौतहट जिल्ला, स.धर्मौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४ को क्षेत्रफल १-१-०-० (विगाह) को जग्गा । |
| ४. | रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा । |
| ५. | रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५-० (विगाह) को जग्गा । |
| ६. | महोतरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४/ख (हाल औरही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६८ र ५०९ को क्षेत्रफल क्रमशः ०-२-६-१० र ०-११-४-० (विगाह) को जग्गा । |
| ७. | सप्तरी जिल्ला, भरुवासाल गा.वि.स. वडा नं. ३ ख (हाल सप्तकोशी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २०१३ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा । |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चाकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको गोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १ फागुन ०८२

# कर्जा प्रवाह सुस्त हुँदा अझै तल झर्‍यो बैंकको ब्याजदर

वाणिज्य बैंकको कुल निक्षेप ६९ खर्ब ६२ अर्ब र कर्जा प्रवाह ५१ खर्ब ५० अर्ब पुगेको छ

■ बैंकहरूले सार्वजनिक गरेको ब्याजदर

| बैंक | माघको अधिकतम ब्याजदर | | फागुनको अधिकतम ब्याजदर | |
|---|---|---|---|---|
| | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत |
| १. नेपाल बैंक | ५.१ | ३.२५ | ५.१ | ३.२५ |
| २. हिमालयन बैंक | ५ | ४ | ५ | ४ |
| ३. राष्ट्रिय वाणिज्य बैंक | ५ | ४ | ५ | ४ |
| ४. एनआइसी एसिया बैंक | ५ | ४ | ५ | ४ |
| ५. एनएमबि बैंक | ५ | ४ | ५ | ४ |
| ६. ग्लोबल आइएमई बैंक | ५.५ | ३.७५ | ४.७५ | ३.५ |
| ७. प्रभु बैंक | ४.५५ | २.७५ | ४.५५ | २.७५ |
| ८. नबिल बैंक | ४.५५ | ३.५५ | ४.५५ | ३.५५ |
| ९. माछापुच्छे बैंक | ४.५ | ३ | ४.५ | ३ |
| १०. सिटिजन्स बैंक इन्टरनेसनल | ४.५ | ३ | ४.५ | ३ |
| ११. लक्ष्मी सनराइज बैंक | ४.५ | ३.२५ | ४.५ | ३.२५ |
| १२. सानिमा बैंक | ४.५५ | ३.३ | ४.५ | ३.३ |
| १३. नेपाल इन्भेस्टमेन्ट मेगा बैंक | ५ | ४ | ४.५ | ३.५ |
| १४. कुमारी बैंक | ४.४३ | ३.५ | ४.४३ | ३.५ |
| १५. स्ट्यान्डर्ड चार्टर्ड बैंक | ४.३६ | २.७५ | ४.२५ | २.७५ |
| १६. कृषि विकास बैंक | ४.४ | २.७५ | ४.२५ | २.७५ |
| १७. प्राइम कमर्सियल बैंक | ४.४ | २.७५ | ४.२५ | २.७५ |
| १८. नेपाल एसबिआई बैंक | ४.४ | २.८ | ४.२५ | २.७७ |
| १९. एभरेष्ट बैंक | ४.४ | ३.५ | ४.२५ | ३.५ |
| २०. सिद्धार्थ बैंक | ४.५५ | ३.७५ | ४.२५ | ३.५ |
| औसत | ४.६८४५ | ३.३८३ | ४.५६९ | ३.३३१ |

**नयाँ पत्रिका**

निक्षेप थुप्रिँदै जाने र कर्जा प्रवाह सुस्त हुँदा बैंकहरूले निक्षेपको ब्याजदर फेरि घटाएका छन्। २९ माघमा बैंकहरूले फागुनका लागि निर्धारण गरेको ब्याजदर औसतमा घटेका हुन्।

माघमा २० वटा वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दतीतर्फ औसत ब्याजदर ४.६८ प्रतिशत रहेकोमा फागुनमा ४.५६ प्रतिशतमा झरेका हुन्। त्यस्तै, संस्थागत मुद्दतीको ब्याजदर पनि ३.३८ प्रतिशतबाट घटेर ३.३३ प्रतिशत कायम भएको छ। २० वटामध्ये नौ वाणिज्य बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा लाग्ने ब्याजदर घटाएका छन्, बाँकी ११ बैंकले स्थिर राखेका छन्। त्यस्तै, संस्थागत मुद्दतीमा चारवटा वाणिज्य बैंकले ब्याजदर घटाएका छन्, बाँकीले स्थिर बनाएका छन्।

व्यक्तिगत मुद्दतीमा ब्याजदर घटाउनेमा ग्लोबल आइएमई बैंक, सानिमा बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक, कृषि विकास बैंक, प्राइम कमर्सियल, नेपाल एसबिआई, एभरेष्ट र सिद्धार्थ बैंक छन्। त्यस्तै, संस्थागत मुद्दतीमा ब्याजदर घटाउनेमा ग्लोबल आइएमई, नेपाल इन्भेष्टमेन्ट मेगा, नेपाल एसबिआई र सिद्धार्थ बैंक छन्।

व्यक्तिगत मुद्दतीमा सर्वाधिक ब्याजदर दिनेमा नेपाल बैंक छ। यो बैंकको ब्याजदर ५.१ प्रतिशत कायम राखेको छ। संस्थागतमा यो बैंकले ३.२५ प्रतिशत दिएको छ। हिमालयन बैंक, राष्ट्रिय वाणिज्य बैंक, एनआइसी एसिया बैंक र एनएमबि बैंकले व्यक्तिगत मुद्दतीमा ५ प्रतिशत र संस्थागतमा ४ प्रतिशत ब्याजदर तोकेका छन्।

ग्लोबल आइएमई बैंकले माघमा ५.५ प्रतिशत ब्याजदर दिएकोमा फागुनमा घटाएर ४.७५ प्रतिशत कायम राखेको छ। नबिल बैंक र प्रभु बैंकले व्यक्तिगत मुद्दतीमा ब्याजदर ४.५५ प्रतिशत कायम राखेका छन्। व्यक्तिगत मुद्दतीमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, सानिमा बैंक, लक्ष्मी सनराइज, माछापुच्छे र सिटिजन्स बैंकले ४.५ प्रतिशत ब्याजदर तोकेका छन्। कुमारी बैंकले ४.४३ प्रतिशत ब्याजदर निर्धारण गरेको छ। एभरेष्ट बैंक, सिद्धार्थ बैंक, नेपाल एसबिआई बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक, कृषि विकास बैंक र प्राइम कमर्सियल बैंकले व्यक्तिगत मुद्दतीमा ४.२५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ।

२५ माघसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ७७ खर्ब सात अर्ब र कुल कर्जा प्रवाह ५७ खर्ब ८८ अर्ब रुपैयाँबराबर पुगेको छ। वाणिज्य बैंकको कुल निक्षेप ६९ खर्ब ६२ अर्ब तथा कुल कर्जा प्रवाह ५१ खर्ब ५० अर्ब रुपैयाँबराबर पुगेको छ। बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (सिडी रेसियो) ७४.३७ प्रतिशत पुगेको राष्ट्र बैंकको तथ्यांक छ। बैंक तथा वित्तीय संस्थाले कुल निक्षेपको ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाउँछन्। अर्थात्, उनीहरूसँग कुल निक्षेपको १५.६३ प्रतिशतबराबर हुन आउने करिब १२ खर्ब रुपैयाँ अधिक तरलता रहेको देखिन्छ।

■ जलाशययुक्त उत्पादन केन्द्रको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिका जारी

# सय मेगावाटसम्मका आयोजनाको विद्युत् खरिद दर प्रतियुनिट १४.८० रुपैयाँसम्म

जलाशययुक्त परियोजनाले हिउँदमा निरन्तर १५ दिन पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्नुपर्ने तथा वार्षिक क्षमताको ३५ प्रतिशत बिजुली हिउँदमा उत्पादन भएको हुनुपर्ने सर्त

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

अब एक सय मेगावाटमाथिका जलाशययुक्त जलविद्युत् परियोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) लागतका आधारमा गरिने भएको छ। विद्युत् नियमन आयोगले 'जलाशययुक्त उत्पादन केन्द्रको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिका, २०८२' जारी गर्दै ठुला जलाशययुक्त जलविद्युत् परियोजनाको पिपिए लागतका आधारमा गर्ने भएको हो।

नेपालमा पिपिएको सीमा निर्धारण गर्ने अधिकार आयोगसँग छ। नेपाल विद्युत् प्राधिकरणले आयोगबाट स्वीकृति भएको दरमा पिपिए गर्नुपर्छ। १०० मेगावाटसम्म जलाशययुक्त आयोजनालाई भने सीमा तोकिएको छ। यसअघि सबै क्षमताका जलाशययुक्त परियोजनाको पिपिए दर स्थिर हिउँदमा प्रतियुनिट १२.४० रुपैयाँ र बर्खाका लागि ७.१० रुपैयाँको पिपिए दर तोकिएको थियो। तर, अब १०० मेगावाटसम्म ठुला जलाशययुक्त आयोजनासँग हिउँदमा १४.८० प्रतियुनिट र बर्सातका लागि ८.४५ युनिटभन्दा नबढ्ने गरी पिपिए गर्न सकिनेछ। १०० मेगावाटभन्दा ठुला परियोजनासँग भने लागतका आधारमा पिपिए गर्ने गरी नीति ल्याइएको विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले बताए।

तुलनात्मक रूपमा लागत बढी हुने जलाशययुक्त आयोजनाका लागि प्रचलित पिपिए दरले लगानी आकर्षण नगरेपछि यस्तो नीति ल्याएको उनको भनाइ छ।

धितालका अनुसार परियोजनाको डिपिआर बनेपछि विद्युत् खरिदकर्ता र प्रवर्द्धक कम्पनीबिच पहिलो चरणको पिपिए हुनेछ। जसमा खरिदकर्ताले विद्युत् खरिद गर्ने ग्यारेन्टी गरेका हुन्छन्। डिपिआर तयार हुँदा परियोजनाको लागत अनुमान गरिसकिएको हुन्छ। त्यसकै आधारमा निश्चित दर तोकेर पहिलो चरणको पिपिए गरिन्छ। परियोजनाले यसकै आधारमा ऋण लगानी जुटाउन सक्नेछन्।

त्यसपछि परियोजनाको सम्पूर्ण संरचनाको निर्माण ठेक्का सम्झौता भएको एक महिनाभित्र दोस्रो चरणको अद्यावधिक पिपिए गरिने व्यवस्था गरिएको छ। ठेक्का लागिसकेपछि ठेक्का रकमका आधारमा परियोजनाको लागत थपघट हुन सक्नेछ। त्यसका आधारमा दोस्रो चरणको अद्यावधिक पिपिए गरिने व्यवस्था गरिएको छ। पहिलो चरणको पिपिएमा तोकिएको दरभन्दा यसको दर फरक हुन सक्छ।

त्यसपछि परियोजनाबाट विद्युत् उत्पादन सुरु भएको एक वर्षभित्र अन्तिम चरणको पिपिए गरिन्छ। निर्माणका क्रममा आयोजनाको लागत बढ्ने सम्भावना हुन्छ। त्यसले गर्दा सबै निर्माण सकेर विद्युत् उत्पादन सुरु भएको एक वर्ष तेस्रो चरणको पिपिए गरिनेछ। पहिलो चरणमा भएको पिपिए दर दोस्रो हुँदै तेस्रो चरणसम्म आइपुग्दा फरक-फरक हुन सक्छ।

परियोजना निर्माणका क्रममा लागत पनि बढेको हुन सक्छ। तर, २५ प्रतिशतसम्मको पुँजीगत लागत वृद्धिलाई मात्रै पिपिए पुनरावलोकन तथा निर्धारणका लागि गणना गर्न पाइने व्यवस्था गरिएको छ। यसैगरी, प्रत्येक पाँच वर्षमा पिपिए दर पुनरावलोकन गर्ने व्यवस्था पनि गरिएको छ।

निर्देशिकाअनुसार विद्युत् खरिदकर्ता अर्थात् प्राधिकरणले प्रस्ताव प्राप्त भएको एक सय ८० दिनभित्र आवश्यक प्राविधिक तथा वित्तीय विश्लेषणसहित आयोगसमक्ष निवेदन पेस गर्नुपर्नेछ। आयोगले दर निर्धारण गर्नु तथा विद्युत् खरिद-बिक्री सम्झौतामा स्वीकृति दिने व्यवस्था गरिएको छ। त्यसपछि आयोगले पिपिएको दर तोकिदिन सक्नेछ। त्यसकै आधारमा खरिदकर्ता र परियोजनाबिच पिपिए हुनेछ।

ऋणको ब्याजदर, सञ्चालन तथा मर्मत खर्च र विदेशी विनिमयबापतको खर्चको यथार्थ वृद्धिका आधारमा विद्युत् खरिद-बिक्री दर परिष्कृत गरिनेछ। यस विधिले दीर्घकालीन वित्तीय स्थायित्व र उपभोक्ता हित संरक्षणमा सहयोग पुग्ने अध्यक्ष धितालले बताए।

निर्देशिकाले जलाशययुक्त आयोजनाको दर निर्धारणमा ह्रासकट्टी, ऋण ब्याज, सञ्चालन तथा सम्भार खर्च, चालू पुँजी ब्याज, रोयल्टी, आयकर तथा विदेशी मुद्रा विनिमय र हेजिङ खर्चलगायतका लागत शीर्षक कुन आधारमा समावेश गर्न सकिने स्पष्ट गरेको छ।


यस निर्देशिकाले जलाशययुक्त जलविद्युत् आयोजनामा अधिकतम स्वपुँजी ३० प्रतिशत मात्र मान्य हुने व्यवस्था गरेको छ। कुनै परियोजनामा स्वपुँजी ३० प्रतिशतभन्दा बढी भएमा पिपिए दर गणनाका लागि ३० प्रतिशत पुँजीलाई मात्रै आधार बनाइनेछ।

तर, वातावरणीय बहावका कारण अनिवार्य रूपमा छोडिने पानीबाट उत्पादन हुने विद्युत्लाई भने नदी प्रवाही आयोजनासरह (आरओआर) दर लागू हुने व्यवस्था गरेको छ। अर्थात्, त्यसरी उत्पादन हुने बिजुलीमा हिउँदमा ८.४० रुपैयाँ र बर्खामा ४.८० रुपैयाँ प्रतियुनिट शुल्क दिइनेछ।

निर्देशिकाअनुसार जलाशययुक्त परियोजनाले हिउँदमा निरन्तर १५ दिन पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सक्नुपर्नेछ। यसैगरी, वार्षिक उत्पादनको ३५ प्रतिशत बिजुली हिउँदमा उत्पादन भएको हुनुपर्ने सर्त छ।

निर्देशिकाअनुसार खरिदकर्ताको छनोटअनुसार जलाशययुक्त आयोजनाको पिपिए दुई प्रकारमा गर्न सकिनेछ। अहिले लागू भइरहेको प्रणालीअनुसार उपलब्ध विद्युत्मा प्रतियुनिट निश्चित शुल्क दिने गरी पिपिए गरिनेछ, जसलाई प्राविधिक रूपमा 'एकल भाग पद्धति' भनेर परिभाषित गरिएको छ। अर्को दुई भाग पद्धतिमा आयोजनाले उपलब्धताका आधारमा क्षमता शुल्क र विद्युत् उत्पादनका आधारमा ऊर्जा शुल्क पाउनेछ, जसले प्रणालीको दक्षता, स्थायित्व र ऊर्जा सुरक्षा सुनिश्चित गर्न सहयोग गर्ने विश्वास गरिएको छ।

आयोगले यस निर्देशिकामार्फत जलाशययुक्त जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्रीसम्बन्धी व्यवस्थालाई थप स्पष्ट बनाउने बताएको छ। साथै, विद्युत् क्षेत्रलाई लगानीमैत्री बनाउँदै नेपालको ऊर्जा सुरक्षालाई मजबुत गर्ने तथा सुक्खायाममा विद्युत् आपूर्ति सन्तुलन कायम गर्ने लक्ष्य लिएको अध्यक्ष धितालले बताए।



## ■ १७ प्रतिशत प्रतिफलको ग्यारेन्टी

आयोगले पिपिए दरमार्फत यस्तो परियोजनालाई १७ प्रतिशतसम्मको प्रतिफलको ग्यारेन्टी गरेको छ। यसमा ३० प्रतिशत स्वपुँजीको मात्रै प्रतिफल गणना गरिनेछ। 'जलाशययुक्त विद्युत् उत्पादन केन्द्रका लागि स्वपुँजी लगानीबापतको वार्षिक प्रतिफल (रिटर्न अन इक्विटी)को दर आयोगले परीक्षण गरी अधिकतम १७ प्रतिशतसम्म तोक्न सक्नेछ। यसरी आयोगले विवेकसम्मत परीक्षण गर्दा जलाशययुक्त विद्युत् उत्पादन केन्द्रको निर्माणमा पुँजीगत खर्चको प्रभावकारिता, अनुमानित दरको प्रभाव र समान किसिमका आयोजनामा कायम वार्षिक प्रतिफल दर र विद्युत् खरिद-बिक्री दरलाई समेत मध्यनजर गर्नुपर्नेछ,' निर्देशिकाको दफा १६ मा भनिएको छ। ऊर्जा क्षेत्रको विकाससँगै उपभोक्ता हितलाई सन्तुलन गरी स्वपुँजीमा प्रतिफल दिने किसिमको व्यवस्था गरिएको अध्यक्ष धितालले बताए।




निजी क्षेत्रको लगानी आकर्षण गर्न प्रतिफलको ग्यारेन्टी गर्न खोजिएको उनको भनाइ छ। 'अधिकतम सीमा १७ प्रतिशत हो। कसैले सहुलियत दरमा ऋण लिएर परियोजना बनाउँछ भने उसका लागि प्रतिफल दर कम हुनेछ। कसैले महँगो ब्याजमा ऋण लिएर बनाउँछ भने उसका लागि प्रतिफल दर बढी हुन सक्नेछ,' उनले भने, 'मुद्दती निक्षेपमा लगानी गर्दा १२-१३ प्रतिशतसम्म ब्याज पाउने गरेको देखिन्छ। परियोजना बनाउँदा त्योभन्दा धेरै प्रतिफल पाउनुपर्छ भनेर १७ प्रतिशतसम्मको सीमा राखेका हौं।

# सेयर बजारमा ९ अंकको वृद्धि

**काठमाडौं**/ साताको अन्तिम कारोबार दिनमा सेयर बजार ८.९७ अंकले बढेको छ। सो दिन नेप्से परिसूचक २६७१.०७ विन्दुमा बन्द भएको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार उक्त दिन एक सय ३९ कम्पनीको मूल्य बढ्यो। एक सय १५ कम्पनीको मूल्य घट्दा ६ वटाको स्थिर रह्यो।

कारोबार रकम भने बुधबारको तुलनामा बढ्यो। बुधबार आठ अर्ब ६९ करोडको कारोबार भएको थियो। बिहीबार ११ अर्ब १० करोड रुपैयाँभन्दा बढीको धितोपत्र किनबेच भयो।

मध्यभोटेकोशी जलविद्युत्, रसुवागढी हाइड्रोपावर, खानीखोला हाइड्रोपावर, श्रीनगर एग्रिटेक र सान्जेन जलविद्युत्को मूल्य बढ्यो। मध्यभोटेकोशीको १० प्रतिशतले बढ्दा अन्यको क्रमशः ९.८८, ७.०२, ६.२९ र ६.१० प्रतिशत बढ्यो।

# एडिबीको दक्षिण एसियाली महानिर्देशकमा श्रेष्ठ



**काठमाडौं**/ एसियाली डेभलपमेन्ट बैंक (एडिबी)को दक्षिण एसिया हेर्ने महानिर्देशकमा नेपालकी सोना श्रेष्ठ नियुक्त भएकी छिन्। श्रेष्ठले नेपाललगायत दक्षिण एसियाका बंगलादेश, भुटान, भारत, माल्दिभ्स र श्रीलंकामा एडिबीको रणनीति तथा कार्य सञ्चालन विकास र कार्यान्वयनको नेतृत्व गर्नेछिन्।

उनले दक्षिण एसियाली क्षेत्रको समावेशी तथा दिगो विकासमा अझ नजिक रहेर काम गर्ने बताएकी छिन्। 'दक्षिण एसियाको महानिर्देशकमा नियुक्ति पाउँदा गौरवान्वित भएकी छु, विकासशील सदस्य राष्ट्रहरूसँग नजिक रहेर काम गर्नेछु,' उनले भनिन्, 'समावेशी तथा दिगो विकासका लागि सहायता गर्दै एडिबीको सम्बन्ध अझ गहिरो बनाउनेछु।'

श्रेष्ठसँग २३ वर्ष एडिबीमा काम गरेकोसहित २७ वर्षको कार्यअनुभव रहेको छ। यसअघि उनी एडिबीको दक्षिण एसियाली उपमहानिर्देशकको भूमिकामा थिइन्। उनले एडिबीको स्वतन्त्र मूल्यांकन विभागको उपमहानिर्देशक जिम्मेवारीसमेत निर्वाह गरेकी थिइन्। अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि गरेकी श्रेष्ठले एडिबीमा रहेर एसियाका विभिन्न क्षेत्रमा काम गरेकी छिन्। एडिबी बहुपक्षीय विकास साझेदार हो। जसले एसियाको समावेशी, सहनशील र दिगो विकास तथा वृद्धिको सहायता गरिरहेको छ। सन् १९६६ मा स्थापना भएको एडिबीमा ६९ सदस्य राष्ट्र रहेका छन्।

# ५ फागुनदेखि निर्वाचनसम्म उत्तरी सीमानाकाको व्यापार प्रभावित हुने

**नयाँ पत्रिका**

आगामी ५ फागुनदेखि चीनसँगको व्यापार प्रभावित हुने गरी उत्तरी भन्सार नाकामा अवरोध हुने भएको छ। तिब्बतीयन नयाँ वर्षका कारण ५ देखि १८ फागुनसम्म चिनियाँ नागरिक सबै काम रोकेर घर फर्कने कारणले आयात प्रभावित हुने जानकारी चिनियाँ पक्षले भन्सार प्रशासनलाई गराएको छ। त्यसलगत्तै नेपालले निर्वाचन प्रयोजनका लागि सीमानाका सिल गर्ने भएकाले आगामी ५-२१ फागुनसम्म रसुवा, तातोपानीलगायतका नाकाबाट हुने व्यापार प्रभावित हुने भन्सार विभागले जनाएको छ।

विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले ५ फागुनदेखि उत्तरी नाकाबाट हुने जाँचपास प्रभावित हुने अनौपचारिक जानकारी आएको बताए। 'चिनियाँ पक्षबाट ५ फागुनदेखि भन्सार जाँचपास प्रभावित हुनेबारे अनौपचारिक जानकारी प्राप्त भएको छ,' उनले भने, 'हाम्रा कारण पनि निर्वाचनको समयमा भन्सार नाका सिल गर्नुपर्ने हुँदा दुई साताभन्दा बढी समय आयात-निर्यात प्रभावित हुन सक्छ,' उनले भने।

उत्तरतर्फका सबै नाकाको जाँचपासमा अवरोध हुनेबारे चिनियाँ पक्षबाट जानकारी आएको उनले बताए। यद्यपि, नाका पूर्ण रूपले ठप्प नहुने उनको दाबी छ। ५ फागुनबाट हुन सक्ने अवरोधबारे भन्सार प्रशासनले व्यापारीलाई समेत जानकारी गराइसकेको छ। त्यसैले अहिले आयात हुने मालवस्तु छिटो भन्सार पास गराएर नेपालतर्फको यार्डमा ल्याउन व्यापारीहरू क्रियाशील भइरहेका छन्।

नेपालका लागि चीन दोस्रो ठुलो व्यापारिक साझेदार हो। चालू आर्थिक वर्ष ०८२/८३ को पुस मसान्तसम्म कुल वैदेशिक व्यापारमध्ये चीनसँग २०.८७ प्रतिशत आयात र ०.४५ प्रतिशत निर्यात हिस्सा छ। चीनबाट खासगरी लत्ताकपडा, फलफूल, खेलौना र विद्युतीय सामग्री धेरै आयात हुने गरेको छ भने नेपालबाट हस्तकला, फेल्ट र कृषि वस्तुको निर्यात हिस्सा धेरै छ।

५ फागुनबाट चिनियाँ भन्सार प्रशासन प्रभावित हुने भए पनि रसुवा, तातोपानीलगायतका भन्सार कार्यालयबाट हुने जाँचपासले भने निरन्तरता पाउने विभागले जनाएको छ। निर्वाचनको ७२ घण्टाअघि नेपाले चीनसहित भारतसँगको भन्सार नाकासमेत बन्द गर्ने अभ्यास छ।

**Madhesh Province Government**

## Ministry of Health & Population

**Janakpurdham, Dhanusha, Nepal**

### Invitation for Electronic Bids

First Date of Publication: 13th Feb 2026

1 **Ministry of Health & Population, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha** invites electronic bids from eligible bidders for the Procurement of Trauma Centre under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Bidder's requirements are given as below:

| S. N | Name Of Project: - | Contract ID: | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: | Minimum Work experience of similar size and nature | Cost of Bid Document Nrs. | Bid Security Amount (Validity Period 150 days from the date of bid opening) Nrs |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Trauma center at Siraha, (Location: Golbazar municipality 04) | MP/MOHP/ NCB/ WORKS 1/2082-83 | Nrs. 190,900,000.00 | Construction of at least one trauma Centre/ Hospital building project with contract value Nrs. 152700000 within last 10 years. | 20,000.00 | 6,400,000.00 |

1. Bidding documents can be downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents mentioned above table Name of the Bank: Rastriya Banijya Bank, Siraha. A/C no. 1000200010000, Office Code No. 3700017012 Name of Office: Ministry of Health & Population, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha, Revenue Sirsak No. 14229
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 17th March 2026
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 14:00 Hour on 17th March 2026 in Ministry of Health & Population, Madhesh Pradesh Government, Janakpurdham, Dhanusha. The Bid Security shall be in the name of the Bidder and must be counter-guaranteed by a A Class Commercial Bank. In case of alternative, cash can deposit in following Account. Name of the Bank: Rastriya Banijya Bank, Janakpurdham , Name of the Office: Pradesh Le. Ni. Ka., Janakpurdham Office Code No: - 3700017012, Account No- : 1220100202030000
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Siraha on14:00 hrs 26th Feb 2025
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the MOHP reserves the right to amend and correct at any time.
8. MOHP, Dhanusha reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. For further details, please visit www.bolpatra.gov.np, Mobile No. 9861031231 in office time.

**Province Secretary**
**Ministry of health and Population**

# कामना सेवा र कान्तिपुर डेन्टलबिच छुट सम्झौता

**काठमाडौं**/ कामना सेवा विकास बैंकले काठमाडौं, वसुन्धरास्थित कान्तिपुर डेन्टल कलेज टिचिङ हस्पिटल एन्ड रिसर्च सेन्टरसँग सेवा शुल्क छुटसम्बन्धी सम्झौता गरेको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्मा र कान्तिपुर डेन्टलका सञ्चालक डा. प्रतीक्षा श्रेष्ठले हस्ताक्षर गरेका हुन्। सम्झौताअन्तर्गत बैंकका कर्मचारी र ग्राहकले अस्पतालले प्रदान गर्ने विभिन्न सेवा-सुविधामा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। बैंकका ग्राहकले



बैंकसँगको आबद्धता भएको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बताइएको छ।

# साल्ट ट्रेडिङको लाभांश घोषणा

**काठमाडौं**/ साल्ट ट्रेडिङ कर्पोरेसनले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। कम्पनीको बुधबार बसेको सञ्चालक समितिको बैठकले लाभांश घोषणा गरेको हो। कम्पनीले कर प्रयोजनसहित १० प्रतिशत बोनस सेयर वितरण गर्ने निर्णय बैठकबाट भएको हो। प्रस्तावित लाभांश सरकारले स्वीकृति गरेपछि र कम्पनीको आगामी साधारणसभाले पारित गरेपछि लगानीकर्तामा वितरण हुने बताइएको छ।

# 'गरिमा सुवर्ण योजना' निष्कासन गर्न बोर्डको अनुमति

**काठमाडौं**/ गरिमा म्युचुअल फन्डअन्तर्गत सञ्चालित 'गरिमा सुवर्ण योजना' निष्कासन गर्न नेपाल धितोपत्र बोर्डले अनुमति दिएको छ। गरिमा विकास बैंक लिमिटेड कोष प्रवर्द्धक र गरिमा क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको यो खुलामुखी योजना हो। योजनामा विकास बैंक कोष प्रवर्द्धक रहने गरी निष्कासन हुने यो पहिलो खुलामुखी योजना हो। यसको एक अर्ब रुपैयाँबराबरको हुने बताइएको छ। क्यापिटलले ५० करोड रुपैयाँबराबरको प्रतिएकाइ १० रुपैयाँका दरले पाँच करोड इकाइ बिक्री गर्नेछ। जसका लागि लगानीकर्ताले न्यूनतम १०० देखि अधिकतम ५० लाख एकाइसम्म आवेदन दिन पाउनेछन्।

## नेपाल पुलिस स्कुल
गरुडा, रौतहट

### राशन खरिद बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हान

**सूचना नं.:- 01/2082/083**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/११/०१ गते ।**

नेपाल प्रहरी निजि शैक्षिक गुठीद्वारा संचालित स्कुलमा आवासिय तथा गैह्र-आवासिय शिक्षक, आया तथा सिस्टरहरुका निमित्त आगामी शैक्षिक वर्ष २०८३(२०८३ बैशाख १ गतेदेखि ऐ. चैत्र मसान्तसम्म) मा जिन्सी राशन खरिदको लागि बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका राशन आपूर्तिकर्ता (व्यक्ति, फर्म, संस्था, वा कम्पनी) ले विद्युतिय बोलपत्र (E-bidding) मार्फत मात्र बोलपत्र फारम खरिद गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यालय समयमा यस स्कुलको मोबाईल नम्बर ९८५५०४२१९९/९८५१२८४२०३ मा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिएको छ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
### धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८२/११/०१**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गौशाला, महोत्तरीबाट विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा वैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०५/२३ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८२/०४/१८ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र),र मिति वि.सं. २०८२/०८/२३ मा राजधानि राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सुचित गर्दा समेत कर्जाको साँवा ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्तिजहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गौशाला, महोत्तरीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचलसम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : अधिविकर्ष कर्जा, प्याड कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना : साईबाबा निर्माण सेवा**

रजिष्टर्ड ठेगाना : जनकपुर- ७, धनुषा
रजिष्ट्रेशन नं. : ७३५१।७२।०७०।०७१ (नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषा)
पान दर्ता नं. : ६०५६१७७०६

**फर्मको साझेदार तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. नाम : सन्तोष कुमार अधिकारी | २. नाम : मुकेश कुमार यादव |
| बाबु : सौखी लाल यादव | बाबु : सौखी लाल यादव |
| बाजे : रुदल राय | बाजे : रुदल राय |
| ठेगाना : श्रीपुर-०२, महोत्तरी | ठेगाना : श्रीपुर-०२, महोत्तरी |
| हाल :: औरही न.पा.-०४, महोत्तरी | हाल : औरही न.पा.-०४, महोत्तरी |
| ना.प्र.नं. : ८६२६४६०७ | ना.प्र.नं. : ८६२६४८४४ |
| जारी मिति : २०५९/०२/२१ | जारी मिति : २०६१/०४/२८ |
| जि.प्र.का : महोत्तरी | जि.प्र.का : महोत्तरी |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. नाम : दक्ष देवी | २. नाम : विणा देवी यादव |
| बाबु : राम पदारथ यादव | बाबु : किशोरी राय यादव |
| ससुरा : रुदल राय | ससुरा : सौखी लाल यादव |
| पति : सौखी लाल यादव | पति : संतोष कुमार अधिकारी |
| ठेगाना : श्रीपुर-०२, महोत्तरी | ठेगाना : श्रीपुर-०२, महोत्तरी |
| हाल : औरही न.पा-०४, महोत्तरी | हाल : औरही न.पा.-०४, महोत्तरी |
| न.प्र.नं. : ८६२६२९७८ | न.प्र.नं. : १८३०५४१९७ |
| जारी मिति : २०३७/०३/१३ | जारी मिति : २०६३/१२/२३ |
| जि.प्र.का. : महोत्तरी | जि.प्र.का. : महोत्तरी |
| ३. नाम : अनिता देवी यादव | |
| बाबु : कृष्ण देव प्रसाद यादव | |
| ससुरा : सौखी लाल यादव | |
| पति : मुकेश कुमार यादव | |
| ठेगाना : श्रीपुर-०२, महोत्तरी | |
| हाल : औरही न.पा-०४, महोत्तरी | |
| न.प्र.नं. : १८३०५४१६२ | |
| जारी मिति : २०६३/१२/२३ | |
| जि.प्र.का. : महोत्तरी | |

**धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नाम : संतोष कुमार अधिकारी**

| जिल्ला | न.पा./गा.वि.स | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | श्रीपुर | १ग | २३१ | १-६-२.५-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| महोत्तरी | श्रीपुर | १ख | १२१ | ०-८-९-० | |
| महोत्तरी | श्रीपुर | १ख | ६७४ | ०-१७-१५.५-० | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय गौशाला, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/११/१०, आइतबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय गौशाला, महोत्तरी ।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 | THE BANKER BANK OF THE YEAR 2025

## Bateshwor Rural Municipality
## Office of Rural Municipal Executive
**Bateshwor, Dhanusha**
**Madhesh pradesh, Nepal**

### Invitation for only electronic bids

**First Date of publication: (2082-11-01) 13-Feb-2026**

1. *Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com, 9854060412, 9854050902*
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanush or may visit PPMO website www.gov.np/egp
3. The purchaser reserves the right to accept or reject ,wholly or partly any or all the bids without assiggnin any reason, whatsover.

| S. N. | Contract ID No: | Descriptions of works | Bid validity period | Estimated Amount with VAT & PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ W/04/2082/2083 | Nirmit Guruyojanaka Aaadharama sthaniy tah ko sajhedarima Bidhalayko Bhautik nirman anudan (TheConstruction of Administration Building at Sivshakti ma. vi. Bateshhwor Rural Municipality) | *90days* | Rs.59,55,566.54 | *Rs140000* | Rs3000 | |
| *2* | BRM/SQ/ W/02/ 2082/2083 | wada no 2 ma khanepani aayojana ko pipe kharid tatha jadan | 45days | Rs.18,70,911.68 | Rs50000 | Rs.1000 | |

**Chief Administrative Officer**

## Government of Bagmati Province
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Infrastructure Development Office,Sindhupalchok

### Re-Invitation for Bids

**IFB No: 05/082-83 Date of publication: 2082/11/01 (13th-Feb-2026)**

1. Infrastructure Development Office (IDO), Sindhupalchok Bagmati Province invites electronic bids from eligible bidders for the Construction of contracts mentioned below.

| SN | Description of Work and Contract Id No. | Bid Security Amount (NRs.) | Estimated Cost NRs excluding PS & VAT (NRs.) |
|---|---|---|---|
| 1 | Upgrading of chilaune tole nagedanda road,Barhbise-3,Sindhupalchok [IDOSIN/W/NCB/43/082-83] | 30,000 | 11,65,011.93 |
| 2 | Upgrading different roads of barhabise ward-8[Kaavrekhola harre jambu sadak+Suryekaaji harre lakuridanda sadak] [IDOSIN/W/NCB/48/082-83] | 59,000 | 23,21,046.50 |
| 3 | Upgrading of ghude sadak Ba.Na.Pa.-8,Sindhupalchok. [IDOSIN/W/NCB/49/082-83] | 44,000 | 17,28,276.07 |
| 4 | Upgrading of Chhermadong Manang Gholang Khola ,Lisankhupakhar-2,Sindhupalchok [IDOSIN/W/NCB/51/082-83] | 35,000 | 13,77410.43 |
| 5 | Upgrading of Gairekhet hudai kisandorge sadak Ba.Na.Pa-5,Sindhupalchok [IDOSIN/W/NCB/54/082-83] | 30,000 | 11,64,582.59 |
| 6 | Upgrading works of Chahare Ghising Tole Thale Motorbato,Indrawati-1,Sindhupalchok. [IDOSIN/W/NCB/66/082-83] | 44,000 | 1,725,883.07 |
| 7 | Upgrading works of Lokmarg Ram mandir Jorpol Koldum Gaikharka Sadak , Indrawati-10,Sindhupalchok. [IDOSIN/W/NCB/69/082-83] | 44,000 | 1,708,498.85 |
| 8 | Upgrading Works of Shikharpur Sitaladevi Banagau Sadak,Melamchi-10[IDOSIN/W/NCB/74/082-83] | 44,000 | 1,716,966.87 |

2. Cost of each Biding Document is Nrs. 3,000.00, Should be Deposited in Office account mentioned in Bid Document.
3. Pre-bid meeting shall be held on 5th March, 2026 A.D. (2082/11/21 B.S.) at 12:00 in IDO office, Sindhupalchok.
4. Last date of bid submission is 15th March, 2026 A.D. (2082/12/01B.S.) at 12:00 and bid opening shall take place in IDO office on 15th March, 2026 A.D. (2082/12/01B.S.) at 13:00 & detail information related to respective invitation for bids can be obtained from PPMO's e-GP system Website: http:/www.bolpatra.gov.np/egp

**Senior Divisional Engineer**

## Madi Rural Municipality
## Office of The Rural Municipal Executive
**Thumakodada, Kaski**
**Gandaki Province, Nepal**

### Invitation forElectronic Bids

**Date of Publication : 2082/11/01 (13th Feb 2026)**

1. **MadiRural Municipality,Office of the rural municipal executive, Thumakodada, Kaski** invites the Online bids from Nepalese eligible and qualified bidders under e-procurment system for the Procurement of projects mentioned below;

| SN | Contract No. (IFB No.) | Name of Project | Estimated Amount NRS (with VAT & PS but Excluding contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ W08/082-083 | Construction Of Krishi Upaj Sankalan Kendra Tarkang at Madi R.M-4 | Nrs.70,03,685.6 | Nrs. 168000 | 120 days | 3000 |
| 2 | MRM/NCB/ W09/082-083 | Construction and Upgrading of Jyamdu-Yangjakot Sadak at Madi R.M-3 | Nrs 63,16,070.95 | Nrs.150000 | 120 days | 3000 |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| MRM/NCB/W08/082-083 & MRM/NCB/W09/082-083 | Date | Time | Date | Time | Date | Time |
| | 2082/11/15 | 13:00 | 2082/12/01 | 12:00 | 2082/12/01 | 13:00 |
| **Bank Name** | **Name of Office** | | **Revenue Account No** | | **Deposit Account No.** | |
| Machhapuchhre Bank ltd, Thumakodada Kaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | | GA.1.1 0790051472900083 | | GA.3.1 0790051472900011 | |

3. Tender Procurment shall follow Public Procurment Act (1st Amendment 2073) and public Proucrment Regulation (14th Amendment. 2082).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurment section of PPMO'S Website http://bolpatra.gov.np/egp, as specified in the bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
शुक्रबार १ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

# नेपालमाथि इटाली १० विकेटले विजयी

## वानखेडे रंगशालाको पिचमा पूरै ओभर खेल्न नसकेको नेपालविरुद्ध नवप्रवेशी इटालीले ४४ बलअगावै आवश्यक रन जोडेर सानदार जित निकाल्यो

मुम्बईमा **रमेश सुवेदी**

दुईपटकको विजेता इंग्ल्यान्डविरुद्ध सनसनी प्रदर्शन गरेको नेपालले बिहीबार नवप्रवेशी इटालीबाट १० विकेटको नमिठो हार सामना गरेको छ। टी-२० विश्वकपअन्तर्गत समूह 'सी'मा नेपाल र इटालीले पहिलोपटक टी-२० फर्म्याटमा प्रतिस्पर्धा गरेका हुन्। इटालीले यस समूहकै डार्क हर्स ट्याग दिइएको नेपालमाथि १० विकेटको जित निकालेको हो। मुम्बईको वानखेडे रंगशालामा इटालीले टस जित्दै नेपाललाई ब्याटिङको निम्तो दिएको थियो।

पहिलो ब्याटिङ गरेको नेपाल पुनः एकपटक महत्त्वपूर्ण खेलमा ब्याटिङमा कमजोर देखियो। परिणामस्वरूप नेपाल १९.३ ओभरमा १२३ रनमै समेटियो। प्रत्युत्तरमा इटालीले केवल १२.४ ओभरमा विनाविकेट १२४ रन बनाउँदै विश्वकपमै ठुलो जित निकाल्यो। टी-२० विश्वकपमा यो आठौँपटक १० विकेटको जित नतिजा निस्केको हो। चालू विश्वकपमा यो दोस्रो १० विकेट जित रह्यो। यसअघि न्युजिल्यान्डले युएईलाई १० विकेटले हराएको थियो। यसअघि आइसिसी विश्वकप डिभिजन लिगमा नेपालले इटालीलाई तीनपटक हराएको थियो।

सन् २०१३ मा अन्तिमपटक नेपाल र इटालीबिच खेल भएको थियो। ठ्याक्कै १३ पछि यी दुई राष्ट्रबिच प्रतिस्पर्धा भएको हो। दोस्रो हारपछि नेपालको सुपर ८ मा पुग्ने सम्भावना कमजोर बनेको छ। नेपालले अब आइतबार दुईपटकको विजेता वेस्ट इन्डिजसँग खेल्नेछ। समूहमा इटाली, इंग्ल्यान्ड, स्कटल्यान्ड तथा वेस्ट इन्डिजले समान २ अंक जोडेका छन्। नेपाल अंकविहीन छ।

### नेपालको ब्याटिङमा सात चौका र तीन छक्का

टी-२० फर्म्याटको विशेषता नै आकर्षक बाउन्ड्री हो। तर, नेपालका ब्याट्सम्यानले समग्रमा सात चौका र तीन छक्का प्रहार गरे। कप्तान रोहित पौडेलले २३ रन बनाउन दुई छक्का हिर्काए। करण केसी १८ रनमा नटआउट हुँदा समान एक छक्का र चौका ठोके। नेपालको ब्याटिङमा आरिफ शेखले २७ रन जोड्न तीन चौका र आसिफ शेखले २० रन बनाउन दुई चौका प्रहार गरेका थिए। फितलो ब्याटिङ गरेको नेपाल इनिङ्सको एक समय ९६/५ को स्थितिमा थियो। थप २३ रन जोड्दा नेपाल अलआउट भयो। नेपालको ब्याटिङमा आसिफ र रोहितबिच दोस्रो विकेटका लागि ३० बलमा ४१ रनको साझेदारी भएको थियो। आरिफ र दीपेन्द्रबिच चौथो विकेट लागि ३९ बलमा ४४ रनको साझेदार भयो।



इटालीका मोस्का दाजुभाइ रन लिने प्रयासमा। तस्बिरः नयाँ पत्रिका

### मस्का दाजुभाइको नटआउट साझेदारी

नेपालले फितलो ब्याटिङ गरेको पिचमै इटालीका मोस्का दाजुभाइ (एन्थोनी र जस्टिन)ले सानदार प्रदर्शन गरे। उनीहरूले १२४ रनको लक्ष्य पछ्याउने क्रममा उत्कृष्ट सुरुवात दिलाउँदै टोलीलाई दश विकेटको जित पनि दिलाए। मोस्का जोडीले पावर प्लेमा ६८ रन बनाउँदै जितको आधार तयार पारे। नेपालका कप्तान रोहितले यो साझेदारी तोड्न ६ बलर प्रयोग गरे पनि सफलता चुम्न सकेनन्। नेपालले ब्याटिङ पावर प्लेमा ४६/१ को प्रदर्शन गरेको थियो। मस्का दाजुभाइले ११औँ ओभरमै आफ्नो अर्धशतक पूरा गरेका थिए।

लेग स्पिनर सन्दीप लामिछानेले बलिङ गरेको ओभरको चौथो बलमा जस्टिनले १ रन लिँदै अर्धशतक पूरा गरेका थिए। अर्को बलमा सन्दीपविरुद्ध छक्का प्रहार गरी एन्थोनीले पनि अर्धशतक बनाए। जस्टिनले ३७ बलमा ५० र एन्थोनीले २८ बलमा ५० रन बनाए। इटालीले ६५ बलमा सय रनको योगफल बनाएको थियो। जस्टिनले ४४ बलमा तीन छक्का र पाँच चौका प्रहार गरी ६० रनको योगदान दिए। एन्थोनीले ३२ बलमा ६ छक्का र तीन चौका प्रहार गरी ६२ रन बटुले।

### नेपालविरुद्ध स्पिनर हाबी

वानखेडेको पिचमा नेपालको ब्याटिङ इनिङ्सलाई दबाबमा राख्न इटालीका स्पिनर हावी भए। इटालीका स्पिनरले समग्रमा १० मध्ये ६ विकेट लिएका थिए। इटालीका लागि लेग स्पिनर क्रिसन कालुगमागेले सर्वाधिक तीन विकेट लिन चार ओभरमा १८ रन खर्चिए। अफ ब्रेक स्पिनर बेन्जामिन मानेन्टीले चार ओभरमा ९ रन खर्चेर दुई विकेट लिए। कालुगमागेले मैदानमा आफू राष्ट्रलाई जित दिलाउन तत्पर रहेको बताए। 'मेरो सधैं एउटै प्रयास उत्कृष्ट प्रदर्शन गरी इटालीलाई जित दिलाउने हो,' उनले भने, 'आज यस्तै प्रदर्शन गरौं।' उनले गत जनवरीमा अस्ट्रेलियामा भएको बिगबास लिगमा सिड्नी सिक्सर्सबाट खेलेका थिए।

बिगबासपछि उनी सिधै इटाली टोलीमा समावेश भएका थिए। टी-२० विश्वकपअघि उनले तीन विकेट लिएका थिए। नेपालविरुद्ध चम्केका अर्का स्पिनर जेजे स्मट्स हुन्। उनले एक विकेट लिए। यसबाहेक पेस बलर अली हसन र जसप्रित अलीले एक-एक विकेट लिए। नेपालका एक खेलाडी रनआउट भए। नियमित कप्तान वायन म्याडसने स्कटल्यान्डविरुद्ध पहिलो खेलमा घाइते भएपछि ह्यारीले इटालीको कप्तानी गरेका थिए।

### इटालीले धेरै राम्रो खेल्यो

● **रोहितकुमार पौडेल**, कप्तान, नेपाल



इटालीविरुद्ध आफूलाई प्रमाणित गर्ने दिन थियो, तर त्यसो गर्न सकेनौं। इटालीलाई पनि जितको क्रेडिट दिनुपर्छ। उनीहरूले साँच्चै राम्रो खेले। उनीहरूलाई पूर्ण श्रेय दिन्छु। इमानदारपूर्वक भन्दा ब्याटिङमा हामी धेरै कमजोरी देखायौं। सुरुमा ब्याटिङ गर्न निकै गाह्रो थियो। तैपनि १२३ रन त्यति नराम्रो होइन। एक समय हामीले ६०-७० रनमा नै अलआउट हुने अवस्थामा थियो। जुन हाम्रो खराब ब्याटिङकै कारण भयो। यसलाई कुनै बहाना बनाउन मिल्दैन।

हामीले पिच र कन्डिसनलाई सम्मान गर्न सकेनौं। सुरुमा हामीले केही हताशे र रिस्की सट खेल्यौं। मेरो विकेट नै खेलको टर्निङ प्वाइन्ट भयो। मैले र आसिफले राम्रो साझेदारी गर्यौं। पावर प्लेमा राम्रो खेल्यौं, तर म आउट भएपछि सबै कुरा बदलियो। त्यसपछि पनि हामीले राम्रो गर्न सक्थ्यौं। यो खेल हाम्रा लागि त्यति कठिन थिएन। इंग्ल्यान्डविरुद्ध राम्रो खेलेर उच्चस्तर देखाएपछि यस्तो नतिजा आउनु निराशाजनक भयो।

### हामीले अर्को ऐतिहासिक जित निकाल्यौं

● **ह्यारी मानेटी**, कप्तान, इटाली



इटालीको क्रिकेट इतिहासमा हामीले अर्को ऐतिहासिक जित निकालेका छौं। यसअघि विश्वकप छनोटमा यस्तै गरेका थियौं। आज विश्वकपजस्तो ठुलो स्टेजमा नेपालमाथि सानदार जित दर्ता गरेका छौं। यो जितले कम्तीमा इटालीमै रहेका हाम्रा समर्थकले हाम्रो प्रतिभा बुझ्नेछन्। विश्वकप सुरु भएदेखि नै प्रत्येक खेलबारे समीक्षा र योजना बनायौं। नेपालसँग प्रतिस्पर्धा गर्नुअघि पनि उनीहरूले इंग्ल्यान्डविरुद्ध खेलेको विश्लेषण गरौं। प्रस्ट छ- हामी पहिलोपटक विश्वकपमा छौं। यहाँ हार वा जित पनि केही गरौं भन्ने भावनाका साथ आएका हौं।

नेपालविरुद्ध मोस्का दाजुभाइले जित दिलाए। उनीहरूले १२४ रनको साझेदारी गर्दै इटालीको इतिहासमा ठुलो जित पनि दिलाउन सफल भए। यद्यपि, उनीहरूभन्दा जेठा छन्। तर, मैदानमा हामी एक-अर्काको सम्मान गर्छौं। सबै खेलाडी विश्वकपमा पहिलो जित निकाल्दा खुसी छन्। यसलाई आगामी खेलमा पनि निरन्तरता दिनुपर्छ।

### अंक तालिका

**समूह 'ए'**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| भारत | २ | २ | ० | ४ | ३.०५ |
| पाकिस्तान | २ | २ | ० | ४ | ०.९३ |
| नेदरल्यान्ड्स | २ | १ | १ | २ | ०.३५ |
| नामिबिया | २ | ० | २ | ० | -१.५२ |
| अमेरिका | २ | ० | २ | ० | -१.५२ |

**समूह 'बी'**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| श्रीलंका | २ | २ | ० | ४ | ३.१२ |
| अस्ट्रेलिया | १ | १ | ० | २ | ३.३५ |
| जिम्बावे | १ | १ | ० | २ | २.२७ |
| आयरल्यान्ड | २ | ० | २ | ० | -२.१७ |
| ओमान | २ | ० | २ | ० | -४.३० |

**समूह 'सी'**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| वेस्ट इन्डिज | २ | २ | ० | ४ | १.६२ |
| स्कटल्यान्ड | २ | १ | १ | २ | ०.९५ |
| इंग्ल्यान्ड | २ | १ | १ | २ | -०.६५ |
| इटाली | २ | १ | १ | २ | -०.६५ |
| नेपाल | २ | ० | २ | ० | -१.८५ |

**समूह 'डी'**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| न्युजिल्यान्ड | २ | २ | ० | ४ | १.९१ |
| द. अफ्रिका | २ | २ | ० | ४ | १.४२ |
| अफगानिस्तान | २ | ० | २ | ० | -०.५५ |
| युएई | १ | ० | १ | ० | -२.७६ |
| क्यानडा | १ | ० | १ | ० | -२.८५ |

### आजका खेल

| | | | |
|---|---|---|---|
| अस्ट्रेलिया | बिहान ११:१५ बजे | जिम्बावे | |
| क्यानडा | दिउँसो ३:१५ बजे | युएई | |
| नेदरल्यान्ड्स | राति ७:१५ बजे | अमेरिका | |

# भारत ९३ रनले विजयी

**मुम्बई**/ साबिक विजेता भारतले बिहीबार आइसिसी टी-२० विश्वकपअन्तर्गत समूह 'ए'मा एसोसिएट राष्ट्र नामिबियालाई ९३ रनको फराकिलो अन्तरले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको भारतले २० ओभरमा नौ विकेट गुमाएर २०९ रनको विशाल योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नामिबिया १८.२ ओभरमा ११६ रनमै समेटियो। लगातार दोस्रो जित दिलाउने क्रममा भारतका लागि वरुण चक्रवर्तीले दुई ओभरमा ७ रन खर्चेर तीन विकेट लिए। अक्षर पटेलले दुई विकेट लिन २० रन खर्चे। यसैगरी, हार्दिक पान्ड्याले २१ रन दिएर दुई विकेट हात पारेका थिए। नामिबियाको ब्याटिङमा शीर्ष चार ब्याट्सम्यानबाहेक अन्य चल्न सकेनन्। ओपनर लुरेन स्टिनकाम्पले २० बलमा २९ तथा फान फिलियनले १५ बलमा २२ रन जोडेका थिए। कप्तान गेहार्ड इरामुसले ११ बलमा १८ रन जोडेका थिए।

### भारतको कमजोर फिनिसिङ

नामिबियासँगको प्रतिस्पर्धामा भारतको फिनिसिङ कमजोर बन्यो। भारत एक समय १८.२ ओभरमा २०५/५ को स्थितिमा थियो। तर, भारतले थप चार रन जोड्दा चार विकेट गुमायो। साबिक विजेता भारतले पहिलो पाँच विकेटका लागि विस्फोटक ब्याटिङ गरेको थियो। सञ्जु सामसन र ईशान किसनबिच पहिलो विकेटका लागि १.६ ओभरमा २५ रनको साझेदारी भएको थियो।

ईशानले तिलक बर्मासँग दोस्रो विकेटका लागि ३१ बलमा ७९ रन बटुले। त्यसपछि हार्दिक पान्ड्या र शिवम दुबेबिच पाँचौं विकेटका लागि ३९ बलमा ८१ रनको आक्रामक साझेदारी भएको थियो। भारतका लागि ओपनर किशनले २४ बलमा पाँच छक्का र ६ चौकाको सहयोगमा ६१ रन बनाए। तिलकले २१ बलमा २५ तथा सञ्जुले आठ बलमा २२ रन बटुले। हार्दिकले २४ बल सामना गरी समान चार गरी ५२ रनको चौका र छक्का प्रहार योगदान दिए। शिवमले १६ बलमा २३ रन बनाए। बलिङमा गेराड इरामुसले चार ओभरमा २० रन खर्चेर चार विकेट लिए।



### श्रीलंका १०५ रनले विजयी

विश्वकपअन्तर्गत समूह 'बी'मा श्रीलंकाले ओमानलाई १०५ रनको फराकिलो अन्तरले पराजित गरेको छ। पलेकले रंगशालामा पहिलो ब्याटिङ गरेको श्रीलंकाले पाँच विकेट गुमाएर २२५ रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा ओमानले २० ओभरमा नौ विकेट गुमाएर १२० रन जोड्दा श्रीलंका १०५ रनले विजयी भएको हो। कमजोर सुरुवात गरेको श्रीलंकाले तीन ब्याट्सम्यानका अर्धशतकीय योगदानमा ओमानविरुद्ध विशाल योगफल खडा गरेको हो।

कुशल मेन्डिसले ४५ बलमा सात चौकाको सहयोगमा ६१ रन बनाए। यसैगरी पवन रथनायकेले २८ बलमा आठ चौका र एक छक्काको मद्दतमा ६० रन जोडे। कप्तान दसुन सनकाले २० बल सामना गरी पाँच छक्का र दुई चौका प्रहार गरी ५० रनको योगदान दिए। मेन्डिस र रथनायकेले तेस्रो विकेटका लागि ५२ बलमा ९४ रन जोडेका थिए। सनका र मेन्डिसले चौथो विकेटका लागि २८ बलमा ६८ रनको साझेदारी गरे। मेन्डिसले वेलालागेसँग छैटौं विकेटका लागि अविजित १० बलमा २५ रन जोडे।

प्रत्युत्तरमा ओमानको ब्याटिङमा मोहमद नदिमले ५६ बलमा तीन चौका र एक छक्काको सहयोगमा सर्वाधिक ५३ रन जोडे। वासिम अलीले २० बल खेलेर २७ रन बटुले।

यी दुईबाहेक अन्य कुनै पनि ब्याट्सम्यानले गतिलो प्रदर्शन गर्न सकेनन्। श्रीलंकाली बलरले १५ अतिरिक्त रन दिएका थिए। समूह 'बी'मा श्रीलंकाले दुई खेलमा जित निकाली ४ अंक जोडेको छ। अस्ट्रेलिया र जिम्बाबेले समान एक खेलमा २ अंक बटुलेका छन्। आयरल्यान्ड र ओमानले दुई-दुई खेल गुमाएका छन्।

# ■ वानखेडेमा रमाउँदै नेपाली समर्थक



मुम्बईस्थित वानखेडे रंगशालामा इटालीविरुद्धको खेलमा बिहीबार आफ्ना खेलाडीलाई समर्थन गर्दै नेपाली समर्थक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

यस्तो पनि

### सन् २०१८ को विश्वकप रद्द

सन् २०१८ को विश्वकप दक्षिण अफ्रिकाले गर्नुपर्ने थियो। सन् २०१६ को विश्वकप श्रीलंकामा भएपछि आयोजना गर्ने पालो दक्षिण अफ्रिकाको थियो। तर, दक्षिण अफ्रिकाले आन्तरिक कारण देखाउँदै निर्धारित समयमा विश्वकप आयोजना गर्न नसक्ने जनायो। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले दक्षिण अफ्रिकालाई प्रतियोगिता आयोजना गर्न थप समय दियो। यद्यपि, दक्षिण अफ्रिका क्रिकेट संघले आफूहरूले प्रतियोगिता गर्न नसक्ने निर्णय गऱ्यो। आइसिसीले त्यसपछि विश्वकपको संरचना परिवर्तन गरी नयाँ ढाँचामा आउने प्रतिबद्धता दिँदै सन् २०१८ मा हुनुपर्ने विश्वकप आयोजना नै रद्द गऱ्यो। आइसिसीले सन् २०२० मा नयाँ आयोजक राष्ट्र हुने घोषणा गऱ्यो। तर, कोभिड-१९ को महामारीले विश्वकप निर्धारित समय भएन। सन् २०२१ मा युएईले जोखिम उठाउँदै विश्वकप गऱ्यो। जसमा अस्ट्रेलियाले पहिलोपटक विश्वकप ट्रफी उचाल्यो।

### १२ केजीको ट्रफी

आइसिसीले च्याम्पियनलाई दिने ट्रफी आर्फैले डिजाइन गर्छ। आइसिसीले सन् २००७/०८ मा टी-२० फर्म्याटको विश्वकप हुने घोषणा गऱ्यो। दक्षिण अफ्रिकामा भएको पहिलो संस्करणको विजेता भारत बनेको थियो। भारतीय कप्तान महेन्द्रसिंह धोनीले उचालेको टी-२० विश्वकपको ट्रफी सामान्य थिएन। चाँदी र रोडियम मिश्रण भएको त्यो ट्रफी लगभग १२ केजीको छ। यसको उचाइ ५७.१५ सेमि र चौडाइ १६.५ सेमि रहेको छ। यो ट्रफीको डिजाइन विश्व प्रसिद्ध कम्पनी ब्रायसले गरेको थियो। अस्ट्रेलियाको क्विन्सल्यान्डमा रहेको कम्पनीले आइसिसीले दिएको नमुनाअनुसार आकर्षक बनाएको छ। सन् २०२१ मा यसको डिजाइन केही परिवर्तन भएको थियो। अहिले विश्व च्याम्पियन हुने टोलीले उचाल्ने ट्रफी थोमस लियटले बनाएको हो।

# अफगानी पूर्वकप्तान नाबीलाई आइसिसीले गऱ्यो कारबाही

## दक्षिण अफ्रिकासँगको खेलमा नियम तोडेका मोहमद नाबीलाई आइसिसीले १५ प्रतिशत म्याच फी जरिवाना गराएको छ

**एजेन्सी**

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले अफगानिस्तानका खेलाडीले खेल भावनाविपरीत कार्य गरेकामा दण्डित गरेको छ। भारत र श्रीलंकामा चलिरहेको १०औँ संस्करणको टी-२० विश्वकपअन्तर्गत बुधबार भएको दक्षिण अफ्रिकासँगको प्रतिस्पर्धामा अफगानी पूर्वकप्तान मोहमद नाबीले दोस्रो सुपर ओभरमा नियम तोडेका थिए। दक्षिण अफ्रिकाले दोस्रो सुपर ओभरमा अफगानिस्तानलाई हराएको थियो। दोस्रो सुपर ओभरमा नाबी शून्यमा आउट भएका थिए। उनी सुपर ओभरको दोस्रो बलमै पेभेलियन फर्केका थिए। आउट हुँदा उनी दुःखी देखिए। क्रिजबाट बाहिरिने क्रममा उनले दक्षिण अफ्रिकी खेलाडीलाई अपशब्द प्रयोग गरेको आइसिसीले जनाएको छ।

आइसिसीले नाबीलाई आचारसंहिताको लेभल १ अनुसार कारबाही गरेको छ। यो नियमअनुसार नाबीले १५ प्रतिशत म्याच रकम जरिवना तिर्नुपर्नेछ। यसैगरी खेलका दौरान



अफगानी खेलाडीले दक्षिण अफ्रिकी टोलीका सदस्यलाई बारम्बार जिस्काइरहेको आइसिसीको भनाइ छ।

आइसिसीले अन्य खेलाडी र अफगानिस्तान टोलीलाई कोड अफ कन्डक्टअनुसार आर्टिकल २.४ को नियम तोडेको उल्लेख गरेको छ। यो नियमअनुसार अफगानिस्तान टोलीले म्याच खेलेबापत पाउने रकमको केही प्रतिशत जरिवना तिर्नुपर्नेछ।

खेलाडीको हकमा १५ प्रतिशत म्याच फी तिर्नुपर्ने आइसिसीले जनाएको छ। 'प्रतिस्पर्धामा धेरैपटक अफगानिस्तानका खेलाडीले नियम भंग गरेको पायौं। अम्पायरको रिपोर्टमा पनि यस्तै उल्लेख छ,' आइसिसीको प्रतिवेदनमा भनिएको छ, 'खेलाडीमध्ये नाबीले सुपर ओभरमा लेभल १ भन्दा बाहिर गएर कार्य गरेका थिए।'

आइसिसीले प्रतिस्पर्धामा खेल सन्तुलन राख्न खेलाडीलाई नियममा राखेको बताएको छ। 'खेलमा हार वा जित हुन्छ। तर, पराजित भएको वेलामा खेल भवनाविपरीत कुनै पनि खेलाडी जान मिल्दैन,' आइसिसीले भन्यो, 'यो नियम सबैमा लागू हुनेछ।'

अफगानिस्तानले ब्याटिङ इनिङ्सको १४औँ ओभरमा नाबीले दक्षिण अफ्रिकी बलर एन्डिगीविरुद्ध अपशब्द प्रयोग गरेका थिए। यद्यपि, एन्डिगीले सुरुवातमै झगडा गरेको दाबी नाबीले गरे। फिल्ड अम्पायरले दुवै गतिविधि नजिकबाट नहेरेका होइनन्, तर नाबी सुरुवातमै विपक्षी बलरविरुद्ध शब्द प्रयोगमा हाबी हुन खोजेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com